बालविवाह सामाजिक र कानूनी अपराध हो ।
- बीस वर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epratekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर २८ गते बुधवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2022 December 14 Wednesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १०६

## जग्गाको वर्गीकरण गरेका पालिकाको कित्ताकाट हुने

प्रस, वीरगंज, २७ मङ्सिर/
पर्सा जिल्लाका १४ वटा पालिकाको कित्ताकाट अझै लम्बिने भएको छ । भूमिसुधार तथा मालपोत कार्यालय, पर्साले १४ वटा पालिकामध्ये पर्सा जिल्लाको सखुवाप्रसौनी गापाले मात्र सरकारी मापदण्ड अनुसार कृषि, गैरकृषि जग्गाको वर्गीकरण गरेर पठाएको जनाएको छ ।



तस्वीरः फाइल

छ महीनाको अवधिमा पर्सा जिल्लाका केही पालिकाहरूले जग्गाको वर्गीकरण गर्न सकेका छैनन् । अहिले वीरगंज महानगरपालिका, सखुवाप्रसौनी र पकाहामैनपुर गापाले मात्र वर्गीकरण गरेका छन् तर यी पालिकाहरूले गरेको वर्गीकरण पनि सरकारी माापदण्ड अनुसार नरहेको मेन्टेनेन्स नापी शाखा वीरगंजका प्रमुख नारायण श्रेष्ठले बताए । उनले आफ्नो कार्यालयमा पकाहामैनपुर गापाले मात्र वर्गीकरण गरेको जनाउ कागज आएको र अन्यको नआएको बताए ।

मालपोत कार्यालय, पर्सामा भने सखुवाप्रसौनी गापाको मात्र जनाउ कागज आएको छ । वीरगंज महानगरपालिकाले मङ्सिर १५ गतेको बोर्ड बैठकबाट सरकारले तोकेको भूउपयोग नियमावली अनुसार कृषि, गैरकृषि जग्गाको वर्गीकरण गरेको थियो तर महानगरले वर्गीकरण गरे पनि सो आशयको पत्र भूमिसुधार तथा मालपोत कार्यालय, पर्सा र मेन्टेनेन्स नापी शाखामा पुगिसकेको छैन ।

वीरगंज महानगरका प्रमुख राजेशमान सिंहले निर्णय पठाइसकेको बताए । महानगरको नक्शा शाखाका प्रादेशिक सल्लाहकार सञ्जय खेतानले महानगरले औद्योगिक, कृषि, आवासीय, सामाजिक, नदी, पोखरी गरी सातवटा क्षेत्रमा वर्गीकरण गरेर सङ्घ तथा प्रदेश सरकारमा पत्राचार गरिसकेको बताए ।

मेन्टेनेन्स नापी शाखा पर्साका प्रमुख श्रेष्ठले पर्सा जिल्लाका पालिकाले सरकारी निर्णय अनुसार वर्गीकरण गर्न नसकेको बताए । उनले स्पष्टरूपमा जग्गाको वर्गीकरण गर्नुपर्ने र सो अनुरूप नक्शा बनाउनुपर्ने बताए । प्रमुख श्रेष्ठले पर्सा जिल्लाका पालिकाहरूलाई नक्शासम्बन्धी सहयोगको लागि नापी शाखा तयार रहेको जनाउ दिए पनि कसैले पनि सहयोग नमागेको बताए । उनले नक्शा बनाउने कार्य तत्काल सम्भव पनि नभएकोले विभागले वर्गीकरण गरेका पालिकाहरूको कित्ताकाट खोल्न सक्ने सङ्केत गरे । भूपउयोग नियमावली अनुसार जग्गाको वर्गीकरण गरेका पालिकाहरूको कित्ताकाट खोल्ने विभागीय तयारी रहेको उनले बताए ।

सरकारले मङ्सिर २३ गतेसम्म देशभरका ७५३ वटै पालिकालाई भूउपयोग नियमावली अनुसार कृषि, गैरकृषि जग्गाको वर्गीकरण गर्न भनेको थियो । जेठ २७ गतेदेखि सरकारले यो नियमावली अनुसार वर्गीकरण गर्न भनेको र वर्गीकरण नगरेका पालिकाहरूको ससीम जग्गाबाहेक कित्ताकाटमा रोक लगाएको थियो ।

## नारायणी सिंचाइका हाकिम बस्दैनन् कार्यालयमा

प्रस, परवानीपुर, २७ मङ्सिर/
नारायणी सिंचाइ व्यवस्थापन कार्यालय, वीरगंजका कार्यालय प्रमुख मनोरञ्जन सिंह कार्यालयमा बस्ने नगरेको सेवाग्राहीहरूले गुनासो गरेका छन् ।

प्रसून मिश्रले अवकाश लिएपछि उनको ठाउँमा सिंचाइ विभागले सप्तरी घर भएका मनोरञ्जन सिंहलाई कार्यालय प्रमुखको जिम्मेवारी तोकी कार्यालयमा पठाएको थियो । सिंहको पछिल्लो समय काठमाडौंमा घर निर्माण भइसकेको र परिवार, छोराछोरी काठमाडौंमा बस्ने भएकाले उनी केही दिन कार्यालयमा आएर हाजिर गर्ने गरेको र फेरि काठमाडौं जाने गरेको कार्यालयका कर्मचारी स्रोतको भनाइ छ ।

कार्यालय प्रमुख नियमित नबस्दा कार्यालयका दैनिक गतिविधि तथा वार्षिका कार्यक्रमहरू पनि प्रभावित भइरहेको बताइएको छ । चालू आवको पाँच महीना बित्न लाग्दा पनि अहिलेसम्म कुनै काम र योजना अघि नबढेको उपभोक्ता समितिका पदाधिकारीहरूको आरोप छ ।

वार्षिक झन्डै १८ करोडभन्दा बढीको बजेट खर्च गर्ने कार्यालयले अन्य हाकिम हुँदा यतिबेलासम्म भौतिक पूर्वाधार निर्माणसम्बन्धी योजनाका लागत स्टिमेट, टेन्डर आह्वानलगायतका काम गरे पनि उनको कार्यकालमा कार्यालयले केही



तस्वीरः प्रतीक

उपलब्धि हासिल नगरेको स्रोतको दाबी छ ।

कर्मचारी स्रोतका अनुसार कार्यालय प्रमुख सिंह प्रायःजसो पूजापाठलगायत आध्यात्मिक सोचको भएकाले कार्यालयको काम प्रभावित भइरहेको बताइएको छ । कार्यालयमा हुँदा पनि उनी क्वार्टर र कार्यालयमा आध्यात्मिक किसिमले नै बस्न रुचाउँछन्, कामप्रति त्यति रुचि राख्दैनन् भन्ने कर्मचारीनिकट स्रोतको दाबी छ ।

यस विषयमा उनीसँग कुरा गर्दा उनले अहिले विभागमा कामविशेषले गर्दा काठमाडौं आउनुपरेको बताए । उनले एक साताअघि काठमाडौं आएको र दुई/तीन दिनपछि फर्कने चर्चा गर्दै एक हप्ताअगाडि आफू एक महीना कार्यालय बसेर आएको भनी स्पष्टीकरण दिए । साथै उनले आचारसंहिताको कारण बजेट खर्च गर्ने योजना अघि नबढेको र अब ती कामहरूलाई अगाडि बढाउने बताए ।

## श्रीसिया प्रदूषण गर्ने उद्योगहरूको अनुगमन शुरू

प्रस, वीरगंज, २७ मङ्सिर/
श्रीसिया नदी प्रदूषण नियन्त्रण अभियानले मङ्गलवारदेखि अनुगमन शुरू गरेको छ । सोमवार नगरप्रमुख राजेशमान सिंहको अध्यक्षतामा बसेको बैठकले श्रीसिया नदी प्रदूषण नियन्त्रण अभियान सञ्चालन गर्ने निर्णय गरेको थियो ।

सोही अनुरूप उपप्रमुख इम्तियाज आलमको नेतृत्वमा सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेल, महानगरका वातावरण शाखाका देवेन्द्र चौधरी, नेपाल प्रहरीलगायतको टोलीले श्रीसिया नदी आसपासका चारवटा उद्योगको स्थलगत निरीक्षण गरेको हो ।

अनुगमनको क्रममा उद्योगहरूबाट निस्किने प्रदूषित पानी श्रीसियामा सोझै खसाउने गरेको र वाटर ट्रिटमेन्ट प्लान्ट भएकाहरूले पनि पानी प्रशोधन नगरी खोलामा बगाउने गरेको पाइएको थियो । वीरगंज वडा नं २१ श्रीसिया आसपासका चारवटा उद्योग निधि टेक्सटाइल्स, ब्रिटानिया नेपाल, शक्ति दाल मिल र


तस्वीरःप्रतीक

शक्ति वायरको अनुगमन गरिएको सप्रजिअ पौडेलले बताए । उनले निधि टेक्सटाइल्सले उद्योगको फोहर पानी सोझै नदीमा मिसाएको बताए ।

यो उद्योगबाट दैनिक डेढ लाख लिटर प्रशोधनरहित पानी सोझै नदीमा फाल्ने गरिएको बताए ।

उनले अहिलेसम्म वाटर ट्रिटमेन्ट सो उद्योगले जडान नगरेको बताए । उद्योगबाट निस्किने पानी र छाइहरू खोलामा फाल्ने गरेकाले नदी दुर्गन्धित हुँदै आएको बताए । नगरप्रमुख सिंहले दिएको समयसीमा एक महीनाभित्र प्रशोधित पानी मात्र खोलामा बगाउन अन्यथा कारबाई हुने चेतावनी दिएका छन् ।

## शान्ति सुरक्षा व्यवस्था प्रभावकारी बनाउन छलफल


तस्वीरः सौजन्य

प्रस, वीरगंज, २७ मङ्सिर/
प्रहरी महानिरीक्षक धीरजप्रताप सिंह र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालसँग वीरगंज उद्योग वाणिज्य सङ्घले छलफल गरेको छ ।

सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले पर्सा/बारा क्षेत्रमा कायम रहेको शान्ति सुव्यवस्थालाई अझ प्रभावकारी बनाउनुपर्ने सुझाव दिए । उनले सीमा सुरक्षासम्बन्धी बैठक नियमितरूपमा हुनुपर्ने माग गरे । अध्यक्ष गुप्ताले औद्योगिक सुरक्षा बलको पुनर्स्थापना, वीरगंजमा बस्ने बाहिरी व्यक्तिहरूको विवरण सङ्कलन गरी डाटाबेस तयार गर्नुपर्ने, वीरगंजमा सञ्चालित सिसिटिभी परियोजनाको लागि बजेट विनियोजन गर्नुपर्ने, नेपाल प्रहरी र सशस्त्र प्रहरीबीच कार्यसम्पादनमा समन्वय हुनुपर्नेलगायतका सुझाव राखेका थिए ।

महानिरीक्षकद्वयले वीरगंज आर्थिक नगरी भएकोले यसको गम्भीरतालाई मध्यनजर गर्दै सोही अनुरूपको सुरक्षा व्यवस्था मिलाउने बताए । उनीहरूले व्यावहारिक कठिनाइहरूलाई निरूपण गर्न आआफ्ना मातहतका अधिकृतहरूलाई निर्देशन दिएको बताए ।

कार्यक्रममा वीउवासङ्घका पूर्वअध्यक्ष प्रदीप केडिया, निवर्तमान अध्यक्ष गोपाल केडिया, कासस हरि पन्तले सिसिटिभी परियोजनाको विस्तार र पर्यटन प्रहरीका लागि आवश्यक सवारीसाधन उपलब्ध गराउनुपर्ने माग गरे ।

कार्यक्रममा प्रहरी नायब महानिरीक्षक मसाउद आलम खाँ, सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेश ठाडामगर, प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्की, पर्साका प्रहरी उपरीक्षक रमेश बस्नेत, बाराका प्रहरी उपरीक्षक होबिन्द्र बोगटी, ट्राफिक प्रहरी उपरीक्षक नान्तीराज गुरुङ, प्रहरी अधिकृतहरू, महासचिव मनोजकुमार दास, सचिव आशिष् लाठ, सहकोषाध्यक्ष प्रेमचन्द्र गोयललगायतले मन्तव्य राखेका थिए ।

कार्यक्रममा धन्यवाद ज्ञापन उपाध्यक्ष हरि गौतमले दिएका थिए ।

## जनप्रतिनिधिहरूलाई बेरुजू रकम फछ्र्योट गर्ने चुनौती

प्रस, वीरगंज, २३ मङ्सिर/
पर्साका नवनिर्वाचित जनप्रतिनिधिहरूको सामुन्ने बेरुजू रकम फछ्र्योट गर्नुपर्ने ठूलो समस्या उत्पन्न भएको छ ।

बर्सेनि बेरुजू रकम थपिंदै गए पनि कसैले चासो देखाएको छैन । बेरुजू रकम फछ्र्योट गर्न अहिले नयाँ जनप्रतिनिधिलाई चुनौती थपिए पनि सरकारका प्रतिनिधिको रूपमा रहेका प्रमुख प्रशासकीय अधिकृतहरू बेखबर देखिन्छन् । चालू आवको नौ महीना बितिसक्दा पनि कुनै पालिकाले बेरुजू फछ्र्योटको लागि पहलकदमी नगरेको स्यवम् कर्मचारीहरू स्वीकार गरिरहेका छन् । जनप्रतिनिधि तथा कर्मचारीबीचको मनमुटावका कारण बेरुजरु फछ्र्योट हुन सकेको छैन । महालेखापरीक्षकको कार्यालयले बर्सेनि कर्मचारीहरूलाई बेरुजू फछ्र्योटसम्बन्धी गोष्ठीमा खर्च गरे पनि केही उपलब्धि हुन सकेको छैन । अर्कोतिर बेरुजूको कारण बर्सेनि स्थानीय तहको बजेट घट्दै गइरहेको छ । तर कसैले चासो देखाएका छैनन् ।

२०७४ साल देखि स्थानीय तह गठन भएको र हालसम्म महालेखापरीक्षकको कार्यालयले २०७५/७६ देखि चारवटा आवको प्रतिवेदन सार्वजनिक गरेको छ । पर्साका केही पालिकाहरूको प्रतिवेदनमा पनि त्रुटि भएको देखिन्छ ।

महालेखापरीक्षकको कार्यालयले अन्तिमपटक २०७९ मा सार्वजनिक गरेको प्रतिवेदन अनुसार वीरगंज महानगरले एक आवमा ७६ करोड २७ लाख बेरुजू गरेको छ भने तीनवटा आवमा दुई अर्ब ६६ करोड बेरुजू गरेको देखिन्छ ।

ठोरीको एक आवमा चार करोड ४५ लाख, तीन आवमा २२ करोड ११ लाख, सखुवाप्रसौनी गापाले एक आवमा पाँच करोड ३२ लाख र तीन आवमा २७ करोड ८२ लाख बेरुजू गरेको देखिन्छ । पोखरिया नपाले एक आवमा छ करोड ९५ लाख र तीन आवमा ३१ करोड ७५ लाख, पटेर्वासुगौली गापाले एक आवमा दुई करोड ५३ लाख र तीन आवको प्रतिवेदन सार्वजनिक गरेको छैन ।

पर्सागढी नपाले एक आवमा तीन करोड १० लाख र तीन आवमा २२ करोड ४६ लाख बेरुजू गरेको देखिन्छ । पकाहामैनपुर गापाले एक आवमा तीन करोड ५६ लाख र तीन आवमा १० करोड ७८ लाख, कालिकामाई गापाले एक आवमा दुई करोड १९ लाख र तीन आवमा १२ करोड १६ लाख बेरुजरु गरेको देखिन्छ ।

जीराभवानी गापाले एक आवमा दुई करोड ५५ लाख र तीन आवमा २६ करोड ८९ लाख बेरुजू रहेको देखिन्छ । जगरनाथपुर गापाले एक आवमा २० करोड ७३ लाख र तीन आवको प्रतिवेदन सार्वजनिक गरेको छैन । छिपहरमाई गापाको एक आवमा छ करोड ३८ लाख र तीन आवमा २२ करोड ७९ लाख, धोबिनी गापाले एक आवमा १० करोड ३१ लाख बेरुजू गरेको छ भने तीन आवको प्रतिवेदन सार्वजनिक गरेको छैन । विन्ध्यवासिनी गापाले एक आवमा तीन करोड १९ लाख र तीन आवमा १९ करोड ३६ लाख बेरुजू छ । बहुदरमाई नपाले एक आवमा छ करोड १४ लाख र तीन आवमा २६ करोड १२ लाख बेरुजू देखिन्छ ।

पहिलेका निर्वाचित जनप्रतिनिधिहरूले चार आवमा लगभग १० अर्बभन्दा बढी बेरुजू गरेको र सो रकम कसरी फछ्र्योट हुन्छ चासोको विषय बनेको छ ।

**विचारसार र सूक्तिहरू**

**प्रत्येक दिन सकारात्मक विचारबाट शुरु गर र दिनको अन्त क्षमाबाट गर । जीवनमा खुशी, शुरू र अन्त हुने हृदयबाट हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# कसको अहम् ठूलो ?

**पञ्चायतकालमा संविधानमाथि कानून, कानूनमाथि परिपत्र र परिपत्रमाथि हाकिमको तजबिजको महत्त्व हुन्थ्यो। त्यो कमोबेस एकतन्त्री शासन थियो । तर यस्तो हुँदा प्रायः आलोचना हुन्थ्यो र आलोचनाबाट सकभर त्यसताका मानिस जोगिन चाहन्थे । हाकिमहरूका पनि हाकिम राजा स्वयं कुनै आलोचना झेल्नु नपरोस् भनेर सतर्क रहन्थे । तर आज देशमा जनताबाट चुनिएका प्रतिनिधिहरूको शासन व्यवस्था छ । अर्थात् जनताले चाहेजस्तो राजकीय व्यवस्था । तर यी प्रतिनिधिहरूलाई जनताको होइन, आफ्नो मात्र चिन्ता, आफ्नो मात्र हित, आफूलाई मात्र सत्ता चाहिएको छ । प्रतिपक्षले के भन्छ, जनताले के भन्छ भन्ने कुरासँग कुनै सरोकार छैन; लोकनिन्दाको रत्तिभर चिन्ता छैन । त्यसैले संविधानमा नभएको वा संविधानसँग बाझिएको मुद्दामा पनि अध्यादेशबाट आफ्नो मनोमानी गर्न चुक्तैनन् । भर्खर सम्पन्न निर्वाचनमा सरकार बनाउने मेलोमेसो बसाल्न अध्यादेशमार्फत् निर्वाचित, तर आरोपी सांसदहरूको खत माफ गर्ने प्रक्रिया चालेका छन् । हत्याहिंसा मुद्दामा मुछिएका व्यक्तिहरूलाई चोखो बनाउनेगरी अध्यादेश ल्याउन राष्ट्रपतिसमक्ष सिफारिश गरेका छन् ।**

**यसमा दुईवटा प्रश्न उठाउनुपर्ने देखिन्छ । पहिलो के संविधान यति फितलो छ कि यसको कुनै पनि लिखित दफालाई जहिले पनि लत्याउन सकिन्छ ? अध्यादेश भनेको त, देशलाई अति आवश्यक परेको तर संविधानमा छुटेको कुरालाई सरकारले तत्कालका लागि कानून बनाएर, पछि संसद्बाट पारित हुनेगरी केही समयका लागि लागू गर्ने छोटो बाटो हो । दोस्रो सत्तामा बसेपछि संविधान, जनभावनाको मर्मविपरीत पनि कुनै काम गर्ने छुट हुन्छ ? अध्यादेश जारी गर्‍यो, राष्ट्रपतिबाट रोक लाग्दा राष्ट्रपतिकै खेदो खन्यो । यस्तै मनपरीतन्त्रलाई गणतन्त्र भनिएको हो, प्रजातन्त्र क्रियान्वयनको यही परिपाटी हो भने त यसभन्दा धेरै हदसम्म व्यवस्थित त पञ्चायत नै थियो । गणतन्त्र भनेको पहिलो दायित्व जनताप्रति जिम्मेवारी हो । के अहिले मन्त्रिमण्डलले सिफारिश गरेको अध्यादेश जनहित वा देशहितमा छ ? सङ्क्रमणकालमा जनहितको वास्ता नगरेर देशहितको वास्ता गरिन्छ । यो अध्यादेशले न जनहित गर्दछ, न देशहित नै । मज्जको कुरा के छ भने सरकार सञ्चालन गर्ने नाइके पार्टी नेपाली काङ्ग्रेसका महामन्त्रीद्वयले यस अध्यादेशको विरोध गरेका छन् । आफ्नै पार्टीमा असन्तुष्टि जन्माएर, नैतिकताविहीन अध्यादेश जारी गर्न कुन सङ्क्रमणकालले बाध्य बनायो ? हो सरकार बनाउन अपठ्यारो परेको छ, बहुमत नपुगेर । बहुमत पुऱ्याउन नेपाली काङ्ग्रेस भुरे-टाकुरे दलहरूका लागि अनैतिक काम गर्नुभन्दा आफ्नो अहम् पन्छाएर दोस्रो ठूलो दलसँग पनि त मिल्न सक्छ । यसले न देशको इज्जत जान्छ, न संविधानकै धज्जी उड्छ ।**

**यहाँ त देश, संविधान, पार्टी सबैभन्दा व्यक्तिको अहम् अब्बल छ; देउवाको अहम्, प्रचण्डको अहम्, माधव नेपालको अहम्, ओलीको अहम् । तर के यिनको अहम्भन्दा राजा वीरेन्द्र वा राजा ज्ञानेन्द्रको अहम् सानो थियो ? २०४६ सालको आन्दोलन ताका राजा वीरेन्द्र पछि हटे, किनकि उनको अहम्भन्दा राष्ट्रिय अस्मिता ठूलो थियो, राजा ज्ञानेन्द्र पछि हटे किनकि उनको अहम्भन्दा जनशान्ति ठूलो थियो । राजाहरूले, एकपटक गएपछि फर्कन नसक्ने राजतन्त्र छोडे, तर चुनाव जितेर घरीघरी मन्त्री बन्ने अवसर पाएका देउवा, प्रचण्ड, नेपाल र ओलीहरू भने देशकै फजिहत होस्, [redacted] आफू भने पछि हट्न तयार छैनन् ।**

# नेपाल-भारत र चीन सम्बन्धको नयाँ भाष्य

स्वतन्त्र विचार



विनोद गुप्ता

> **दुवै छिमेकीसँग सम्बन्ध बनाउँदा लप्पन-छप्पन नराखी उनको सुरक्षा संवेदनशीलतालाई समानरूपमा सम्बोधन गर्दै सहयोगको लागि आफ्नै आन्तरिक स्रोत परिचालन गर्दै उनीहरूमाथिको निर्भरता जति घटाउन सकिन्छ त्यति बढी हाम्रो समस्याको सम्बोधन हुन सक्छ भन्ने दिशातिर लाग्नुपर्छ ।**

अब छिट्टै नेपालमा नयाँ सरकार गठन हुने नै छ । निर्वाचनपछि भारत र अमेरिकाका राजदूतहरूको सक्रियताले निकै चर्चा पाएको सन्दर्भ र नेपाल सामरिकरूपमा रणनीतिक क्रियास्थल बन्दै गएको सन्दर्भ पटक-पटक उठ्ने गरेकै छ । यसैबीच भारतसँगको सम्बन्धलाई नाकाबन्दी, टनकपुर महाकाली तथा कालापानी, लिपुलेक र लिम्पियाधुराको पृष्ठभूमिमा, राष्ट्रियताको भावनाले ओतप्रोत हुने हाम्रो सोच, चीनले बन्द गरेको तातोपानी नाकालाई नाकाबन्दी नाकाबन्दी नभई बन्द भएको र सीमा मिचाइ देख्दै-नदेख्ने हाम्रो मानसिकताको सन्दर्भलाई आज हाम्रो दुवै छिमेकीहरूले विश्व राजनीतिक मञ्चमा प्राप्त गरेको स्थान र भूमिकाको सन्दर्भमा हेर्नु बढी मुनासिब देखिन्छ ।

जहाँसम्म भारतको कुरा छ, आजको सन्दर्भमा भारत आफ्नो कारणले २१औं शताब्दीको आकर्षणको केन्द्र बनेको छ । जी २०, सङ्घाइ सहयोग सङ्गठन र संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्जस्तो तीन-तीनवटा गरिमामय पदको सभापतित्व एवं अध्यक्षता ग्रहण गरेको भारतले अब कूटनीतिको नयाँ भाष्यसमेत प्रयोग गर्न थालेको छ । नयाँ दिल्लीमा भएको 'ग्लोबल टेक्नोलोजी समिट'मा बोल्दै भारतका विदेशमन्त्री एस जयशङ्करले- "प्रश्न के छ भने के तपाईं Collaborative विश्वव्यापीकरणमा विश्वास राख्नुहुन्छ वा तपाईं यस्तो मोडेलमा विश्वास राख्नुहुन्छ जहाँ केही खेलाडीहरूको मात्र दबदबा रहोस् ?" भन्ने वाक्यांशमा गहन दृष्टि दिनुपर्छ । यसमा भारतको रुचि निम्न तीनवटा कुराहरूले निर्देशित गर्नेछ । पहिलो हामीलाई प्रवेश सुविधा (Access) दिने को हो ? दोस्रो- हाम्रो सहयोगी (collaborator) को हो ? तेस्रो बजार कुन हो ? यो सबै सन्दर्भमा हेर्दा भारतको कूटनीति ५ ट्रिलियन डलरको अर्थ व्यवस्था बन्नेतिर लक्षित छ । भारत यस स्थितिमा रहँदा हामी प्राविधिक-आर्थिक रूपमा कहाँ छौं ? भारतको साउथ ब्लकमा दक्षिण एशिया हेर्ने विभाग अन्तर्गत एउटा सहायक सचिवको मातहतमा नेपाल डेस्क छ । नेपालसम्बन्धी मामिला यसैले हेर्ने र संवेदनशील भए निर्देशनको लागि माथि पठाउने गर्छ । यसको अर्थ नेपालको सन्दर्भमा भारतको रुचि छैन भन्ने होइन । भारत नेपालमा चीनको प्रभाव बढेको देख्न चाहँदैन र आफ्नो सुरक्षा संवेदनशीलताप्रति बढी चिन्तित भएकोले नेपालमा कनेक्टिभिटी बढाउन आजसम्म हाम्रो सबैभन्दा ठूलो सहयोगी बनेर बसेको छ । तर सम्बन्धको मूल्यको कुरा गर्दा भर्खरै भारतले बङ्गलादेशलाई २०२३ को जी २० सम्मेलनमा अतिथि राष्ट्रको रूपमा बोलाउनुले पनि भारतीय संस्थापनमा नेपालप्रतिको धारणा र महत्त्व स्पष्ट गर्दछ । बङ्गलादेश पनि चीनसँग पर्याप्त सहयोग लिन्छ, भारतमाथि मात्र आश्रित छैन, तथापि उसले गरेको आर्थिक विकास र स्पष्ट कूटनीतिले उसले यो स्थान र सम्मान प्राप्त गर्न सकेको छ जुन नेपालले ३२ वर्षको प्रजातान्त्रिक राजनीति गरेर समेत प्राप्त गर्न सकेको छैन । त्यसैले अब बन्ने सरकारका सामु प्रश्न छ- के नेपाल भारतका साथै विश्वका अन्य राष्ट्रले प्रचलनमा ल्याइसकेको कूटनैतिक भाषा बोल्न सक्षम छ ? छैन भने कहिले हुने ?

अब अर्कोतर्फ हाम्रो उत्तरी छिमेकी चीन छ । २१औं शताब्दीमा शक्तिराष्ट्रको रूपमा स्थापित हुन सक्रिय चीन अहिले रूस, युक्रेन युद्धमा रूसको साथ खडा छ भने अर्कोतर्फ अमेरिकासँग अप्रत्यक्ष रूपमा सामरिक एवं प्रत्यक्षरूपमा प्राविधिक युद्ध लड्दैछ । ताइवानमाथि चिनी नियन्त्रणको प्रयास सीमा विस्तार नभई प्रविधि विस्तारको लडाइँ हो भनेर हामी सबैले बुझ्केकै हुनुपर्छ । यसै कारणले गर्दा अमेरिका सफ्टवेयर र आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा चीनलाई अगाडि बढ्न नदिन सहयोगी राष्ट्रहरूलाई चीनमा सेमिकन्डक्टरको निर्माण र विकासमा प्रतिबन्ध लगाएको छ । यति महत्त्वपूर्ण मुद्दामा लड्दै शक्ति राष्ट्र बन्ने लक्ष्य लिएको चीनको लागि नेपालसँगको सम्बन्ध 'स्वतन्त्र तिब्बत' आन्दोलनसँग मात्र जोडिएको छ भनेर हामीले नबुझिदिएकोले सारा समस्या उत्पन्न भइरहेको छ । अमेरिकाको नेपाल रुचि पनि यही कारणले हो । चीन वा भारत दुवैमध्ये कुनै पनि राष्ट्र आफ्नो विकासको गतिसँग हामीलाई जोड्न उत्सुक छैन । दुवैको रुचि आआफ्नो सुरक्षा संवेदनशीलतामा बढी केन्द्रित छ । तर दुर्भाग्य हामीले दुवैमध्ये कसैलाई यसबारे आश्वस्त पार्न सकेका छैनौं, फलस्वरूप दुवैसँग आजको वर्तमान अवस्थामा हाम्रो विश्वासको सम्बन्ध छैन । भारतसँग हाम्रो ऐतिहासिक र सांस्कृतिक, अझ बेटी-रोटीको सम्बन्ध छ भनिरहँदा कालापानी, लिपुलेक र लिम्पियाधुरा सम्झनामा आउँछ भने चीनलाई विश्वास गर्दा सगरमाथाको उत्तरी मोहडा नै नेपालको सीमाबाट हटाएर चीनमा गाभेको सम्झना हुन्छ । यी दुवै कार्यहरू स्व राजा महेन्द्रकै पालामा भएका हुन् । भारत र चीन दुवैसँग हामीले आफ्नो भूभाग फिर्ता पाउनुपर्छ । तर त्यो फिर्ता पाउन आवाज उठाउने हैसियत हामीसँग छैन ।

यो हैसियत प्राप्त गर्न आजको अर्थमा आधारित राजनीति अनुसार प्रजातन्त्र ल्याए पनि हामीले विकास गर्न सकेनौं । यस पछाडि राजनैतिक अस्थिरता कारण हो, भने पनि नभने पनि, आर्थिक विकास नभएको कुरा चाहिं सत्य हो । जब आर्थिक विकास हुन्छ, जनताको जीवनस्तरमा परिवर्तन आउँछ र उसको आवाज सरकारको आवाज बन्छ, त्यो आवाज बुलन्द हुन्छ र त्यसलाई छरछिमेक सबैले ध्यान दिएर सुन्छन् । त्यसैले अब बन्ने नयाँ सरकारले दायाँ-बायाँ केही नहेरी अर्थतन्त्रको विकासमा केन्द्रित हुन जरूरी छ भने दुवै छिमेकीसँग सम्बन्ध बनाउँदा लप्पन-छप्पन नराखी उनको सुरक्षा संवेदनशीलतालाई समानरूपमा सम्बोधन गर्दै सहयोगको लागि आफ्नै आन्तरिक स्रोत परिचालन गर्दै उनीहरूमाथिको निर्भरता जति घटाउन सकिन्छ त्यति बढी हाम्रो समस्याको सम्बोधन हुन सक्छ भन्ने दिशातिर लाग्नुपर्छ । हेरौं नयाँ सरकार कुन दिशामा अग्रसर हुन्छ ?

# यस वर्ष हिउँदमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने

काठमाडौं, २७ मङ्सिर/रासस

यस वर्षको हिउँदमा देशभर अधिकतम तापक्रम सरदरभन्दा बढी हुने र देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना छ । सामान्यतया सरदर वर्षा/सरदर तापक्रम भन्नाले कुनै पनि स्थानको लामो समय (१९९१ देखि २०२०)को ३३.३ देखि ६६.६ प्रतिशतको वर्षा/तापक्रमलाई जनाउँछ ।

यसैगरी, सरदरभन्दा कम वर्षा/तापक्रम भन्नाले क्रमशः ३३.३ प्रतिशतभन्दा कम र बढी भन्नाले ६६.६ प्रतिशतभन्दा बढीको वर्षा/तापक्रमलाई जनाउँछ । जल तथा मौसम विज्ञान विभागका अनुसार सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेशको रूकुम-पश्चिम, रोल्पा, प्यूठानबाहेकका जिल्ला, गण्डकी प्रदेशका लमजुङ, स्याङ्जा, तनहुँ, गोरखालगायतका मध्य तथा पूर्वी जिल्ला, वाग्मती प्रदेशको दोलखा र प्रदेश नं १ का ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बुलगायतका उत्तरी जिल्लामा न्यूनतम तापक्रम सरदर हुने र बाँकी भूभागमा सरदरभन्दा बढी तापक्रम हुने सम्भावना रहेको छ ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको उक्त विभागले हिउँद अवधि (मङ्सिर १५ देखि फागुन १६ गते)को वर्षा तथा तापक्रमको आँकलन सार्वजनिक गरेको विभागका वरिष्ठ मौसमविद् इन्दिरा कँडेलले जानकारी दिइन् ।

**वर्षाको आकलन**

विभागका अनुसार हिउँदमा देशका अधिकांश स्थानमा सरदरभन्दा कम वर्षा हुने सम्भावना छ । प्रदेश नं १ का ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, झापा, मोरङ, सुनसरीलगायतका पूर्वी तथा तराईका जिल्ला, मधेस प्रदेशका पर्सा, बारा, रौतहटलगायतका पश्चिमी भूभाग, वाग्मती प्रदेशका काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट, मकवानपुरलगायतका जिल्ला, गण्डकी प्रदेशका कास्की, स्याङ्जा,



तस्वीरः फाइल

पर्वतलगायतका मध्य तथा दक्षिणी जिल्ला, लुम्बिनी प्रदेशका अधिकांश जिल्ला र सुदूरपश्चिम प्रदेशका दार्चुला, बैतडी, डडेलधुरा, डोटी, कञ्चनपुर र कैलालीलगायतका जिल्लामा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ ।

यसैगरी, सुदूरपश्चिम प्रदेशका बझाङ र बाजुरा जिल्ला तथा कर्णाली प्रदेशका हुम्ला, मुगु र डोल्पाको उत्तर-पश्चिमी भूभागबाहेक देशका अन्य बाँकी भूभागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ ।

**अधिकतम तापक्रमको आकलन**

यसैगरी, यस हिउँदमा देशभर अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना रहेको वरिष्ठ मौसमविद् कँडेलले बताए । कर्णाली प्रदेशको हुम्ला र मुगुका पश्चिमी भूभाग र सुदूरपश्चिम प्रदेशका बाजुरा जिल्लामा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको विभागको तथ्याङ्क छ ।

प्रदेश नं १ का सोलुखुम्बु तथा इलाम, झापा, मोरङ र सुनसरी लगायतका दक्षिणी जिल्ला, वाग्मती प्रदेशका काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर, भक्तपुर, नुवाकोट, मकवानपुर, चितवन लगायतका मध्य तथा दक्षिण-पश्चिम जिल्ला, मधेुु प्रदेशको पर्सा र सप्तरी, गण्डकी प्रदेशका उत्तर-पूर्वी जिल्ला बाहेकका अधिकांश जिल्ला, लुम्बिनी प्रदेशका अधिकांश भू-भाग र कर्णाली प्रदेशका पूर्वी तथा उत्तरी भूभागमा अधिकतम तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको छ । बाँकी भू-भागमा अधिकतम् तापक्रम सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ ।

**न्यूनतम तापक्रमको आकलन**

यसैगरी, सुदूरपश्चिम प्रदेश, लुम्बिनी प्रदेशको रूकुम-पश्चिम, रोल्पा, प्यूठान बाहेकका जिल्ला, गण्डकी प्रदेशका लमजुङ, स्याङ्जा, तनहुँ, गोरखा लगायतकामध्य तथा पूर्वी जिल्ला, वाग्मती प्रदेशको दोलखा र प्रदेश नं १ का ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बुलगायताका उत्तरी जिल्लामा न्यूनतम् तापक्रम सरदर हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ । बाँकी भू-भागमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको छ ।

**आकलनको आधार**

विभागले यस आकलन विश्व मौसम सङ्गठनको विश्वभर क्षेत्रीयस्तरको जलवायु सूचना उत्पादन गर्ने केन्द्रको हावापानी प्रारूपको आकलन, जल तथा मौसम विज्ञान विभागको हावापानी आकलन गर्ने प्रविधि र दक्षिण एसियाली जलवायु दृष्टिकोण मञ्चको आकलनको आधारमा तयार गरेको हो । साथै नेपालको हिउँद अवधिको जलवायुमा प्रभाव पार्ने पूर्वी प्रशान्त महासागरमा विकसित हुने 'एन्सो' तथा हिन्द महासागरमा विकसित हुने दुई ध्रुवीय प्रणालीको हालको अवस्था तथा जलवायु प्रारूपहरूको हिउँद अवधिको आकलन र अन्तरऋतु परिवर्तनशीलताका कारकलाईसमेत मध्यनजर गरी तयार गरिएको छ ।

हाल प्रशान्त महासागरमा 'लानिना' अवस्था रहेको देखिएको छ र आगामी हिउँद अवधिमा पनि लालिना कायम रहने आकलन गरिएको छ । त्यसैगरी, हिन्द महासागरमा विकसित हुने दुई ध्रववीय सामुद्रिक तापक्रम सूचक हाल तटस्थ रहेको र हिउँद अवधिभर तटस्थ नै रहने आकलन गरिएको छ ।

[redacted] र्पेत रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# सार्वजनिक वन क्षेत्रको जमीन हड्प्ने प्रयास जारी

प्रस, निजगढ, २७ मङ्सिर/

निजगढ नगरपालिका-१० लालस्थित सीमानजीकैको जमीन बकैया




सुवनसिंह लोप्चनले हड्प्न खोजेको बारा, निजगढ नपा-१० लालको सार्वजनिक वन क्षेत्रको जग्गा। तस्वीरः प्रतीक

गाउँपालिका-६ भालुखोला बस्ने सुवन सिंह लोप्चनले बाराको जमीन हड्प्ने मनसायले लगाएको ढुङ्गाको पर्खाल हटाउनेतर्फ वन र नगरपालिकाको कार्यालयले चासो देखाएका छैनन्।

पञ्चायतकालदेखि नै मतको राजनीतिका कारण चुरे क्षेत्रको हाल वाग्मती प्रदेश अन्तर्गत मकवानपुर र मधेस प्रदेशको बाराबीचको चुरे पानी ढलो प्रशासनिक नक्शामा बाराको क्षेत्र स्पष्ट देखाइए पनि भोगचलन र व्यवहारमा वर्षौंदेखि मकवानपुरले उपयोग र कब्जा जमाउँदै आइरहेको छ।

करीब ३५ वर्षदेखि पञ्चायतकालीन वनमन्त्री हेमबहादुर मल्ल र अर्का प्रभावशाली नेता कमल थापाबीचको मतको राजनीतिका कारण चुरे क्षेत्रमा बस्दै आएका जनताहरू मारमा परेका र भूमाफियाहरूलाई भने रजाइँ भएको छ। चुरे पानी ढलो दक्षिणतर्फको भूभाग बारा जिल्ला पर्ने नक्शामा प्रस्ट छ। तर मधेस प्रदेश र यो चुरे क्षेत्रमा जोडिएका स्थानीय तहहरूले सिमाना भोगचलन र व्यवहारमा लागू गर्ने गतिलो र निरन्तर प्रयास भने गरेको पाइँदैन। भौगोलिक विकटताका कारण बाटोघाटो निर्माण जस्ता अन्य विकास कार्यमा पिछडिंदा यस भेगमा बसोवास गर्नेलाई जीवनका हरेक पाटोमा समस्या र जटिलता भोग्दै आइरहनुपरेको छ।

त्यहाँ बसोवास गर्ने स्थानीयको हाटबजार, नूनतेल, लत्ताकपडा किनमेल, बैंकिङ कारोबार, उत्पादित अन्नपात, खसीबाखा बिक्रीलगायतका अन्य अधिकांशलाई बाराको निजगढमैं आउनुपर्ने बाध्यता छ। केही वर्षयताबाट हाल कच्ची सडकको सहजता हुँदै गएको छ। जस कारण यसबीचमा अधिकांश जमीन हड्प्ने, अतिक्रमण गर्ने भूमाफिया गिरोह प्रवेश गरी जमीन किनबेच गर्ने गरेको घटनाक्रमले देखाएको छ।

यस्तै, भौगोलिक र सीमाको बारे निजगढ नगरपालिकाले समयमा नै अध्ययन गरी पहल नगर्दा बाराको जमीनलाई मकवानपुर अन्तर्गतका स्थानीय तहले नापीनक्शा गर्ने गरेको पाइएको छ। वर्षौंअघि राज्यद्वारा जारी प्रशासनिक नक्शाविपरीत वाग्मती प्रदेश अन्तर्गत मकवानपुरको बकैया गापाले मधेस प्रदेश अन्तर्गत निजगढ नपा-१० लालमा वर्षौंदेखि विवादित जमीनमा बकैया गापाले निजगढ नपालाई जानकारी नदिएर नापनक्शा गर्ने गरेको स्थानीयहरूले बताएका छन्।

निजगढ नपा-१० लालस्थित सीमानजीकैको जमीन बकैया गापा-६ अन्तर्गत लोप्चनको नाउँमा रहेको जग्गाधनी पुर्जा कित्ता नं १५२९ र १५३० बाहेकको उनले ढुङ्गाको पर्खाल लगाएर तीन वर्षदेखि कब्जा जमाएका छन्। तर सो जमीनमा स्थानीयवासीको विरोधका कारण लोप्चनले अहिलेसम्म भोग भने गर्न सकेका छैनन्। लोप्चजले ढुङ्गाले घेरेर हड्प्न प्रयास गरेको तीन बिघाभन्दा बढी जमीनको डिभिजन वन कार्यालय, बाराले छानबीन गरी लोप्चनलाई आवश्यक प्रमाणको कागजात माग गरेको पनि तीन वर्ष भइसक्यो तर अहिलेसम्म सो कागजपत्र वन कार्यालयमा बुझाइएको छैन। उक्त जमीन झाडी, बुट्यान, वन क्षेत्रको रहेको स्थानीयको भनाइ छ।

लोप्चनले हड्प्न प्रयास गरिरहेको जमीनको ढुङ्गाको पर्खाल छेउमा बकैया गापाले नापनक्शा गर्ने मनसायले सर्भे टोली खटाएपछि स्थानीयले तीव्र विरोध गरेका थिए।

गत भदौ ११ गते सीमा आसपास र छेउनजीकका विवादित जमीनलाई दुवै प्रदेशका सम्बन्धित सरकारी, सरोकारवाला निकाय, जनप्रतिनिधिहरूको वृहत् छलफल गरी टुङ्गिएपछि मात्रै अन्य कार्यहरू गर्ने, गराउने सहमति भएको थियो।

निजगढ नगरपालिकाका प्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङ, वडाध्यक्ष आसकाजी श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत सुमन धिताल, वडा सदस्य कुमार मोक्तान र बकैया गापाका अध्यक्ष धर्मराज लामिछाने, उपाध्यक्ष भक्तबहादुर खत्री, वडाध्यक्ष फूलमान बमजन, विश्वराज स्याङ्तान, वडा सदस्य विचारमान जिम्बा, प्रशासनिक तथा योजना अधिकृत तथा सुकुमबासी भूमि समस्या समाधान नापजाँचका फोकल पर्सन मिलन दुलाललगायतका बीच मौखिक सहमति भएको थियो। सो छलफलमा डिभिजन वन कार्यालय अन्तर्गतको रतनपुरी सबडिभिजन वन कार्यालयका प्रमुख एवं सहायक वन अधिकृत आबिद हुसेन पनि सहभागी थिए।

निजगढ नपा-१० लालमा लोप्चनले ढुङ्गाको पर्खाल लगाएर घेरिएको जमीन राष्ट्रिय वन क्षेत्रको भएको बकैया गापा अध्यक्ष धर्मराज लामिछानेले बताइसकेका छन्। यसअघिका सोही बकैया गापाका पूर्वअध्यक्ष दामोदर खनालले पनि उक्त जमीन कसैको निजी नभएकोले सार्वजनिक वन क्षेत्रको रहेको प्रतिक्रिया दिइसकेका छन्।

लोप्चनले आफ्नो चुरेस्थित बकैया गापा-६ को निजी स्वामित्वमा रहेको दुई बिघाभन्दा बढी जमीन तीन करोड ६० लाखमा एक वर्षअघि बिक्री गरेको लालका स्थानीयहरूले बताएका छन्। सोही जमीनको तल्लो भागमा रहेको तीन बिघाभन्दा बढी सार्वजनिक, वन क्षेत्रको जमीनलाई ढुङ्गाले घेरेर उनले हड्प्न खोजेका हुन्।

लोप्चनले चुरे डाँडाको निजी जमीन सम्याउने नाउँमा आइइई रिपोर्ट तयार नगरीकनै आफूखुशी गैरकानूनी ढङ्गबाट डाँडा नै गायब हुनेगरी एक्साभेटरले उत्खनन गर्दै एक करोडभन्दा बढी मूल्यको ढुङ्गन बिक्री गरे पनि यहाँका प्रहरी प्रशासन, वन कर्मचारी, स्थानीय तह मूकदर्शक बनेका थिए। उनले उत्खनन गरिएका ढुङ्गा द्रुतमार्ग हुँदै पिलुवा, सिमरा, जीतपुरलगायतका स्थानमा पुऱ्याएका थिए।

लोप्चनले आफ्नो जमीन यकीन गरी सुरक्षित गर्ने नाउँमा लालबकैया खोला मुहान रहेको सिंचाइ कुलोसम्म कालान्तरमा सहजरूपमा जान आउन समस्या पर्ने भन्दै त्यसको विरोध गर्दै लालबकैया कृषक सिंचाइ उपभोक्ता संस्था लालले रतनपुरी सबडिभिजन वन कार्यालयमा उजूरी दिएका थिए। सो उजूरीपछि विवाद चर्कने देखेपछि लोप्चनले सिंचाइको मुहानसम्म जानका लागि छ मिटर चौडाइको बाटो दिने कागजी सहमति गरेपछि उजूरी दिने लालबकैया कृषक सिंचाइ उपभोक्ता संस्था लालपछि हटेसँगै जमीन कब्जा गर्ने लोप्चनको मनोबल बढ्न पुगेको हो।

अतिक्रमित जमीनबाट पूर्व-दक्षिणतर्फ बढीमा दुई सय मिटर परबाट निजगढ हुँदै काठमाडौं जोड्ने फास्ट ट्र्याक नजीकैको अर्थात द्रुतमार्ग गएको छ। सो जमीनलाई अतिक्रमण गरी करोडौं रकम आर्जन गर्ने मनसायले ठूलै गिरोह सक्रिय भएको हो।

वनक्षेत्रको जमीन हड्प्ने मनशायका साथ बकैया गापाले गाडेको सीमा साइनबोर्ड र पर्खाल लगाइराखेको ढुङ्गा यथाशीघ्र हटाउनका लागि लोप्चनलाई निजगढ नपा-१० लाल वडा कार्यालयले तीन महीनाअघि पत्राचार गर्ने बताए पनि अहिलेसम्म पत्राचार गरेको छैन। दुवैतर्फका जनप्रतिनिधि बसी चाँडै हटाउने निजगढ नपा-१० लालका अध्यक्ष आशाकाजी श्रेष्ठले बताए।

# जग्गा विवादमा देवरद्वारा भाउजूको हत्या

प्रस, सर्लाही, २७ मङ्सिर/

जग्गाको विषयमा विवाद हुँदा देवरले भाउजूको हत्या गरेको छ। सर्लाहीको



चक्रघट्टा गाउँपालिका वडा नं २ भेलही बस्ने ७० वर्षीया सागर देवीलाई उनको देवर पर्ने ६५ वर्षीय पुकार रायलगायतले हत्या गरेको खुलासा भएको छ।

हत्या अभियोगमा रायलाई सोमवार दिउँसो पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीले मङ्गलवार सञ्चारकर्मीलाई जानकारी गराएका छन्। पुकार राय, उनका छोरा ४० वर्षीय जीतेन्द्र राय र बुहारी ३० वर्षीया अनीतादेवी रायसमेत मिलेर वृद्धा सागरदेवीलाई कुटपिट गरेपछि उनको मृत्यु भएको भन्ने खबर पाएपछि घटनास्थलमा पुगेको प्रहरीले पुकार रायलाई पक्राउ गरेको प्रहरीले जनाएको छ।

घटनाबारे खबर पाउनासाथ पुगेको प्रहरी टोलीले एकजनालाई पक्राउ गरी संलग्न अन्यको खोजी गरिरहेको स्थानीय प्रहरी चौकी, सुन्दरपुरले जानकारी गराएको छ।

# २४ लाख नगदसहित एकजना पक्राउ

प्रस, जनकपुरधाम, २७ मङ्सिर/

धनुषाको इटहर्वामा भारतबाट



नेपालबाट नेपाल भित्र्याउँदै गरेको स्रोत नखुलेको २४ लाख रुपैयाँसहित एकजना भारतीय नागरिकलाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको छ।

जिल्लाको विदेह नगरपालिका वडा नं ९ इटहर्वामा भारतबाट आउँदै गरेको प्रदेश २-०२-००५ प ५७९८ नम्बरको मोटरसाइकलको टङ्कीमा लुकाइएको २४ लाख १७ हजार नेपाली रुपैयाँ सशस्त्र प्रहरीले बरामद गरेको हो।

स्रोत नखुलेको रुपैयाँ नेपालतर्फ ल्याउने भारत मधुवनी जिल्ला मङ्गपट्टीका २३ वर्षीय उमेश कुमारलाई प्रहरीले नियन्त्रणमा लिएको छ। विशेष सुराकीको आधारमा छिन्नमस्ता वाहिनीबाट खटिएको टोलीले उक्त रकम बरामद गरेको हो।

पक्राउ परेका भारतीय नागरिकलाई कारबाहीका लागि जनकपुर भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल नं ८ गण हेडक्वार्टर धनुषाले जनाएको छ।

# छात्रालाई झोला र स्टेशनरी

गोलबजार, २७ मङ्सिर/रासस

सप्तरीको बोदेबर्साइन नगरपालिकामा विद्यालय शिक्षाको पहुँचभन्दा बाहिर रहेका किशोरी अहिले औपचारिक शिक्षाका लागि नियमित विद्यालय जान थालेका छन्। विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेरका किशोरीलाई विद्यालय शिक्षाको पहुँचमा पुऱ्याउन नगरपालिकाले विशेष पहल गरेपछि किशोरीहरू विद्यालय जान थालेका हुन्।

नगरपालिकाले किशोरीलाई विद्यालय जाँदा पुस्तक, झोला र स्टेशनरी प्रदान गरेपछि उनीहरू नियमित विद्यालय जान थालेका हुन्। बोदेबर्साइन नगरपालिका-३ की कुशमाहारकी १४ वर्षीया काजलकुमारीले किशोरी शिक्षा कार्यक्रम वरदान नै साबित भएको बताउँछिन्।

अहिले कक्षा पाँचमा अध्ययनरत किशोरी काजलकुमारीले भनिन्, "अहिले नगरपालिकाले विद्यालय पढ्न जान हामी किशोरीलाई झोला र कपीकलम उपलब्ध गराएपछि विद्यालय जान हौसला बढेको छ।"

विद्यालयमा राम्रोसँग पढेर आफू जस्तै पढ्नबाट वञ्चित किशोरीलाई विद्यालयको पहुँचमा पुऱ्याउन भविष्यमा सहयोग गर्ने काजल बताउँछिन्।

यस्तै, कक्षा दुई मात्र पढ्न पाएर घरायसी कारणले पढाइ छाडेकी बोदेबर्साइन नगरपालिका-३ गौरा बस्ने १३ वर्षीय सञ्जना पनि आफ्नै घरनजीक सञ्चालन भएको किशोरी शिक्षा केन्द्रका कारण पुनः विद्यालयमा फर्किन पाएकोमा खुशी व्यक्त गर्छिन्। उनी भन्छिन्, "किशोरी शिक्षा कार्यक्रम र नगरपालिकाको सहयोगले हामी जस्तो किशोरीको जीवनमा शिक्षाको उज्यालो भरिदिएको हो।" सञ्जना अहिले दौतरीसँगै स्थानीय चन्द्रा नमूना माध्यमिक विद्यालयमा कक्षा ५ मा पढ्न पाएकोमा खुशी छिन्।

काजल र सञ्जना जस्तै विद्यालयको शिक्षादेखि बाहिर रहेका १९८ जना किशोरी अहिले नियमित विद्यालय जान थालेका छन्। नगरपालिकाले किशोरीलाई विद्यालयमा टिकाउन झोला र स्टेशनरी प्रदान गरी उनीहरूको औपचारिक शिक्षाको सारथि बनेको छ।

बोदेबर्साइन नगरपालिका नगर शिक्षा अधिकृत रामसागर यादवले विद्यालय जान छाडेका किशोरीलाई विद्यालयमा ल्याउन सकेकामा ठूलो उपलब्धि भएको बताउँछन्। "किशोरीलाई विद्यालयमा टिकाउन निरन्तररूपमा अनुगमन गर्नुका साथै अभिभावकसँग पनि भेटघाट गरी उत्प्रेरणा दिने काम गरिरहेका छौं," उनले भने, "अहिले किशोरीहरूलाई विद्यालय नियमित जानका लागि प्रोत्साहनस्वरूप झोला र स्टेशनरी उपलब्ध गराएका छौं।"

नगरपालिकाले युनिसेफको आर्थिक सहयोग तथा जिल्ला समन्वय समिति पर्साको प्राविधिक सहयोगमा किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरी नगरभित्र विद्यालयबाहिर रहेका १० देखि १४ वर्ष उमेर समूहका किशोरीलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउन किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरेको छ।

कार्यक्रम अन्तर्गत नगरपालिकाका विभिन्न वडामा १० वटा किशोरी शिक्षा केन्द्र सञ्चालन गरेको छ। नौ महीनासम्म समुदायमा किशोरी शिक्षा कक्षा सञ्चालन गर्दा १९८ जना किशोरी सो कक्षामा अध्ययन गरी अहिले विद्यालयको नियमित शिक्षाका लागि विद्यालय जान थालेका छन्।

# काभ्रेको बेथानचोकमा बस दुर्घटना, १७ जनाको मृत्यु

काभ्रेपलाञ्चोक, २७ मङ्सिर/

काभ्रेपलाञ्चोकको बेथानचोक गाउँपालिका-४ सल्लाफेद भन्ने स्थानमा आज साँझ ६ बजे बस दुर्घटना भएको छ। बा.३ख ४३८५ बस दुर्घटना हुँदा १७ जनाको मृत्यु भएको छ। दुर्घटनामा करीब एक दर्जन घाइते भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक ढुण्डिराज न्यौपानेका अनुसार १५ जनाको दुर्घटनास्थल तथा अन्य दुईजनाको बनेपास्थित शिर मेमोरियल अस्पतालमा उपचारका क्रममा मृत्यु भएको छ।

बनेपा नगरपालिका-११ बाट व्रतबन्धका लागि बेथानचोक गाउँपालिका-५ स्थित च्याल्टी पुगेर फर्किंदै गरेको रिजर्भ बस दुर्घटना भएको गाउँपालिकाका अध्यक्ष भगवान

(बाँकी पाँचौं पातामा)



वीरगंज महानगरपालिका-२८ दरबारमा निर्माण भइरहेको जनता आवास कार्यक्रम अन्तर्गतको भवन निर्माणमा कमसल सामग्रीको प्रयोग भएको छ। उपभोक्ता समितिमार्फत छजना परिवारको लागि छवटा घर बनिरहेकामा अहिले दुई नम्बर इँटा प्रयोग गरिएकामा स्थानीयवासीले गुनासो गरेका छन्। तस्वीरः नितेश कर्ण

# नारायणगढ–मुग्लिन सडकमा दैनिक चार घण्टा सवारी रोकिने

चितवन, २७ मङ्सिर/रासस

नारायणगढ–मुग्लिन सडकखण्डमा दैनिक चार घण्टा सवारी आवागमन रोकिने भएको छ। सडकखण्डमा पर्ने पुल निर्माणका लागि सवारी रोक्न लागिएको हो। जिल्ला प्रशासन कार्यालय, चितवनमा आज सम्पन्न सरोकारवालाको बैठकले पुस ५ गतेदेखि एक महीनाका लागि सडक रोकेर काम गर्ने निर्णय गरिएको छ। सडक बिहान ११ देखि दिउँसो ३ बजेसम्म रोकिनेछ।

भौगोलिकरूपमा कठिन ठाउँमा रहेका सिमलताल, कालीखोला, तुईन खोला र चिसेन्जी खोला पुल निर्माणका लागि पहाड काट्नेलगायतका कामको लागि सवारी आवागमन रोक्न लागिएको हो।

प्रमुख जिल्ला अधिकारी असमान तामाङको अध्यक्षतामा भएको बैठकले नारायणगढतर्फबाट जाने यात्रीवाहक बस, मिनी, माइक्रो बस, साना सवारीसाधनलाई १५ किलो बजारदेखि जुगेडीसम्म बिहान ११ बजे रोक्ने निर्णय गरेको छ। यस्तै, मालवाहक ट्रक, लरी, ट्रेलर, टिपर, ट्याङ्करलगायतका भारी सवारीसाधनलाई भतेरी जङ्गलदेखि रामनगरसम्म बिहान १०:५० बजेदेखि रोकिनेछ।

काठमाडौंतर्फबाट आउने यात्रीवाहक सवारीलाई मुग्लिन बजारदेखि मनकामना केवलकार गेटसम्म र पोखरातर्फबाट आउने यात्रीवाहक सवारीसाधनलाई बेनीटारदेखि पावरहाउससम्म बिहान १०:५५ बजे रोकिने भएको छ। यस्तै, काठमाडौंतर्फबाट आउने मालवाहक सवारीलाई लेबाटारमा र पोखरातर्फबाट आउने मालवाहक सवारीलाई आबुखैरहनीमा बिहान १०:४५ बजे रोक्ने बैठकले निर्णय गरेको छ।

बैठकले बिहान ११ देखि दिउँसो ३ बजेसम्मको समयमा एम्बुलेन्स, दमकललगायतका अत्यावश्यकीय सवारीलाई अनुकूलता हेरी छोड्ने निर्णय गरेको छ। यस्तै, पोखरा–काठमाडौं सञ्चालन हुने सवारी सहज सञ्चालनका लागि ट्राफिक कार्यालयले समन्वय गर्ने भएको छ। निर्माण कार्यलाई तीव्रता दिन निर्माण व्यवसायीले पर्याप्त साधनस्रोत र जनशक्ति परिचालन गर्नेछन् भने सडकखण्डको ठाउँठाउँमा मर्मतको कार्य पनि यसै समयमा गरिने भएको छ।

एक वर्ष थप म्याद थपिएपछि निर्माण कम्पनी चाइना स्टेट इन्जिनीयरिङ कर्पोरेशनले नारायणगढ–बुटवल सडक निमार्णलाई तीव्रता दिएको छ।

गैंडाकोटमा रहेको आयोजनाको पूर्वी खण्ड हेर्ने कार्यालयका इन्जिनीयर धीरज ढकालका अनुसार अहिलेसम्म २०.३३ प्रतिशत काम सम्पन्न भएको छ। गत साउन २२ गते म्याद सकिंदा आयोजनाको प्रगति १८ प्रतिशत मात्र रहेकोमा म्याद थप गरिएपछि भने निर्माण कम्पनीले कामलाई तीव्रता दिएको उनले बताए। उनले आयोजनाको पूर्वी खण्डमा दैनिक एक हजार २०० कामदारले काम गरिरहेको बताए।



नारायणगढ–मुग्लिन सडकखण्ड। तस्वीरः रासस

आयोजनाको पूर्वी खण्डमा पर्ने विद्युत् पोल सार्ने काम अगाडि बढेको आयोजनाले जनाएको छ। अहिलेसम्म ३० प्रतिशत विद्युत् पोल सार्ने काम सकिएको छ। उनले पछिल्लो समय १२ वटा ठूला पुलमा निर्माण काम भइरहेको बताए। उनका अनुसार २२ साना पुलमध्ये १३ वटामा काम सकिएको छ भने अन्यमा काम भइरहेको छ। आयोजनाले सडकमा हाल्नुपर्ने माटो, गिट्टी र बालुवा देवचुली र कावासोती नगरपालिका क्षेत्रबाट लिएर पुर्ने कामसमेत सँगसँगै अगाडि बढाएको छ।

यसअघि निर्माण सामग्रीको कमी, कोरोना महामारी, बिजुलीको पोल र खानेपानीको पाइप सार्ने काम नहुँदा कामले तीव्रता पाउन नसकेको र समस्या समाधान भएपछि कामले तीव्रता पाएको आयोजनाको पूर्वी खण्डका प्रमुख रमेशकुमार दिष्टीले बताए।

"पछिल्लो समय धमाधम काम भइरहेको छ, ठेकेदारले जनशक्ति पनि बढाएको छ, केही स्थानमा त सडक कालोपत्रका लागि अन्तिम तयारी पनि भएको छ," उनले भने, "कामले तीव्रता पाएपछि स्थानीय बासिन्दा पनि खुशी छन्। तोकिएकै समयमा सम्पन्न नभए पनि यही गतिमा काम हुने हो भने छिट्टै काम सम्पन्न हुने देखिन्छ।"

प्रमुख दिष्टीका अनुसार गैंडाकोटबाट दाउन्नेसम्म ६४.५ किलोमिटर खण्डलाई प्याकेज–१ र दाउन्नेबाट बुटवल चौराहासम्मको ४८.५ किलोमिटर खण्डलाई प्याकेज–२ गरी एकैसाथ विस्तार कार्य भइरहेको छ। विस्तार भइरहेको सडकको कुल लम्बाइ ११३ किलोमिटर छ।

एशियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा कुल रु १६ अर्ब ९९ करोड ५२ लाख लागतमा राजमार्गको यस खण्डको विस्तार भइरहेको छ। लागतको ८५ प्रतिशत रकम एडिबीले ऋण उपलब्ध गराएको छ भने बाँकी सरकारकै लगानीमा काम हुने आयोजनाले जनाएको छ। एडिबीले १.५ प्रतिशत ब्याजदरमा ३२ वर्षमा चुक्ता गर्नेगरी ऋण उपलब्ध गराएको हो।

बयालीस महीनाभित्र सम्पन्न गर्नेगरी यो सडक विस्तारका लागि विसं २०७५ माघमा सरकार र चीनको चाइना स्टेट कन्स्ट्रक्शन इन्जिनीयरिङ कर्पोरेशनबीच सम्झौता भएको थियो। सम्झौता अनुसार विसं २०७९ साउन २२ भित्र निर्माण सम्पन्न गर्नुपर्ने थियो। तोकिएको समयमा काम सम्पन्न नभएपछि सरकारले गत साउन २३ गतेदेखि लागू हुने गरी तीन–तीन महीनामा आयोजनाको भौतिक प्रगतिको मूल्याङ्कन गरिने र प्रगति त्रैमासिकरूपमा कम्तीमा १० प्रतिशत हुनुपर्ने शर्तसहित ३८६ दिनका लागि आयोजनाको म्याद थपेको थियो।

# एलपी ग्याँसको आयात कम गर्न स्वच्छ ऊर्जा प्रयोगमा जोड

काठमाडौं, २७ मङ्सिर/रासस

ऊर्जा विज्ञहरूले नागरिकको जीवनस्तर सुधार्न स्वच्छ (विद्युतीय) ऊर्जाको प्रयोगलाई बढाउन प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका छन्। एलपी ग्याँसको बढ्दो आयातलाई घटाउन र स्वदेशमैं उत्पादित विद्युत्को खपत बढाउन विद्युतीय चुलो तथा भान्सामा प्रयोग हुने अन्य विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने उनीहरूको सुझाव छ।

नेपाल वातावरण पत्रकार समूह (नेवापस), प्रकृति रिसोर्सेस सेन्टर र विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालले आज यहाँ आयोजना गरेको कार्यक्रमका सहभागीले स्वच्छ खाना पकाउने ऊर्जा प्रयोग बढाउन आवश्यक रहेको बताए।

नेपालले हाल वार्षिक रु दुई खर्बभन्दा बढीको इन्धन आयात गर्दै आएको छ।

कार्यक्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका नायब कार्यकारी निर्देशक नवराज ढकालले विद्युतीय चुलोको प्रयोग सबैका लागि सहज र सर्वसुलभ हुने उल्लेख गर्दै सन् २०३० भित्र खाना पकाउने आधारभूत स्रोतका रूपमा विद्युतीय चुलोमा जोड दिने सरकारको लक्ष्य रहेको बताए।

सरकारी तथ्याङ्क अनुसार सन् २००९ मा परम्परागत शैलीमा खाना पकाउने नेपाली नागरिकको सङ्ख्या ८७ दशमलव एक प्रतिशत रहेकामा यस वर्षको हालसम्ममा सो दर २२ प्रतिशतले घटेको छ। दाउरा, गुइँठालगायत परम्परागत इन्धनमा परनिर्भर हुने नेपाली नागरिक ६५ प्रतिशत हाराहारी छन्। सन् २००९ मा वैकल्पिक ऊर्जाको प्रयोग शून्य दशमलव सात प्रतिशत रहेकामा सो दर



तस्वीरः फाइल

(बाँकी पाँचौं पातामा)



भेरी नगरपालिका-२, पोखराका विद्यार्थी जङ्गलबाट स्याउला लिएर घरतर्फ आउँदै। उनीहरु दैनिक बिहान र बेलुकी विद्यालय जानुभन्दा पहिला र विद्यालयबाट फर्केपछि जङ्गलबाट घाँस, दाउरा र स्याउला ल्याउने कार्यमा व्यस्त हुन्छन्। तस्वीरः रासस

## फरक समाचार

# नासालाई ऐतिहासिक सफलता

नासाको मार्टेमिस १ मिशनले ऐतिहासिक सफलता पाएको छ। नासाको ओरियन अन्तरिक्ष क्याप्सुल २५ दिनको चन्द्र अन्वेषणपछि पृथ्वीमा फर्किएको छ। त्यसले प्रशान्त महासागरमा सफल समुद्री ल्यान्डिङ गरेको छ।



आर्टेमिस मिशनको उद्देश्य मान्छेलाई चन्द्रमा पुनः पठाउने र त्यहाँ लामो समयसम्म रहने हो। रिपोर्टस् अनुसार ओरियन क्याप्सुल तीन ठूलो रातो र सेतो पैरासुटको मदतबाट समुद्रमा ओलिएको हो। ओरियन क्याप्सुलको पहिलोपटक परीक्षण सन् २०१४ मा गरिएको थियो। यद्यपि यो तब पृथ्वीको कक्षामा थियो र २० हजार मिल प्रतिघण्टाको गतिले फर्किएको छ। यो पहिलोपटक चन्द्रमाको परिक्रमा गरेपछि सफलतापूर्वक पृथ्वीमा फर्केको हो।




युएसएस पोर्टल्यान्डलाई समुद्रबाट क्याप्सुलबाट निकाल्न तैनाथ गरिएको थियो। साथै हेलिकप्टर र डुङ्गा पनि तैनाथ गरिएको थियो। नासाले कैयौं वर्षदेखि यसको रिहर्सल गरिरहेको थियो। क्याप्सुल आइतवारका दिन पृथ्वीको वायुमण्डलमा प्रवेश गर्दै २८ डिग्री सेल्सियस तापमानको सामना गरेको थियो। मिशनको मुख्य उद्देश्य ओरियन क्याप्सुलको हीटशिल्डको परीक्षण गर्नु थियो।

यो मिशनको सफलता नासाको लागि निकै महत्त्वपूर्ण थियो, किनभने आर्टेमिस मिशनको अघिल्लो चरण आगामी वर्षमा शुरू हुँदैछ र नासा यस मिशनमा अर्बौं डलर खर्च गर्न तयार छ। प्यारासुटको मदतबाट उत्रिएपछि ओरियन क्याप्सुल ३० किलोमिटर प्रतिघण्टाको गतिले समुद्रमा झरेको थियो। नासाका वैज्ञानिकले यो पनि देख्ने छन् कि क्याप्सुलको के अवस्था छ, जसले पृथ्वीको वायुमण्डलमा प्रवेश गर्दै अत्यधिक गर्मीको सामना गरेको थियो। यो क्याप्सुलको भित्रको तापमानलाई कति प्रभावित गर्छ ? अन्तरिक्ष यान अहिलेसम्म १.४ मिलियन मिल (२२५३०८१.६ किलोमिटर) यात्रा तय गरिसकेको छ। आर्टेमिस १ मिशनलाई १६ नोभेम्बरमा एसएलएस राकेट उपयोग गरेर लन्च गरिएको थियो। मिशनको क्रममा यसले चन्द्रमाको उत्कृष्ट तस्वीर र भिडियो रेकर्ड गरेको छ।

यसको अलावा यो १३० किलोमिटरभन्दा कम दूरीमा चन्द्र सतहको निकै नजीक उडान भरेको थियो। यो पृथ्वीभन्दा ४३२००० किलोमिटर टाढा उडान गर्ने एकमात्र मानवयुक्त अन्तरिक्षयान हो, जुन एउटा रेकर्ड बनाएको छ।

# के हो पिकाबू ग्यालेक्सी ?

पिकाबू अहिलेसम्म खोजिएको सबैभन्दा छोटो आकाशगङ्गा हो। हबल टेलिस्कोपको अलावा दक्षिण अफ्रिकी ठूलो टेलिस्कोप र अस्ट्रेलिया टेलिस्कोप कम्प्याक्ट ऐरेको उपयोग रेडियो प्रेक्षणको लागि गरिएको छ।



संसारभरिका अन्तरिक्ष वैज्ञानिक अन्तरिक्षलाई लिएर एकसे एक खुलासा गर्दै आइरहेका छन्। अन्तरिक्षमा आज पनि अनगिन्ती रहस्यहरू छन्। हालै वैज्ञानिकहरूले एउटा नयाँ आकाशगङ्गा खोज गरेका छन्, जसले गर्दा उनीहरू हैरान छन्। वैज्ञानिकले २० वर्ष पहिले लुकेको यस आकाशगङ्गाको केवल सङ्केत मात्र देखेका थिए तर यसलाई नासाको हबल टेलिस्कोपको मदतबाट खोजिएको थियो। पिकाबु नामक यो आकाशगङ्गा निकै अनौठो छ। यो आकाशगङ्गा हाम्रो आकाशगङ्गाको निजै नजीक छ। शोधकर्ताहरूले यसलाई अन्तरिक्षको टाइम क्याप्सुल बताइरहेका छन्। यो हामीभन्दा लगभग २२ मिलियन प्रकाश वर्ष टाढा छ।

यो आकाशगङ्गाको मिल्कवेभन्दा धेरै टाढा छैन तर पनि यसलाई खोज्न वैज्ञानिकहरूलाई २० वर्षभन्दा बढी समय लाग्यो किनभने यसको आकार निकै सानो छ र यसबाट आउने तरङ्ग तारद्वारा अवरूद्ध गरिएको थियो। वैज्ञानिकको दावी छ पिकाबु अहिले युवा छ। यसको अध्ययनबाट हामीले थाहा पाउँछौं कि आकाशगङ्गा बन्ने प्रक्रिया के हो ? यसको अलावा आकाशगङ्गा आफ्नो प्रारम्भिक अवस्थामा कसरी छ यो कुरा वैज्ञानिकले बताएका छन्।

यसको खोजमा हबल टेलिस्कोपले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। स्पेस टेलिस्कोप साइन्स इन्स्टिट्च्युटका खगोलशास्त्री गगनदीप आनन्दको भनाइ छ कि पिकाबु पाउनु इतिहासमा एउटा झ्याल पाएसरह हो। यसबाट ब्रह्माण्डको बारेमा धेरै कुरा थाहा पाउन सकिन्छ। वैज्ञानिकको भनाइ छ तारा र आकाशगङ्गाको बीच दूरी बढिरहेको छ तर अन्तरिक्ष प्रौद्योगिकी पनि यस्तै गरिरहेको छ। हबल टेलिस्कोपको अलावा दक्षिण अफ्रिकी ठूलो टेलिस्कोप र अस्ट्रेलिया टेलिस्कोप कम्प्याक्ट ऐरेको उपयोग रेडियो प्रेक्षणको लागि गरेको हो। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## सन् २०४१ सम्म स्मार्ट बङ्गलादेश बनाउने योजना सार्वजनिक

ढाका, २७ मङ्सिर/सिन्ह्वा

बङ्गलादेशका प्रधानमन्त्री शेख हसिनाले सन् २०४१ सम्म स्मार्ट बङ्गलादेश निर्माण गर्ने योजना सार्वजनिक गरेकी छन् ।



बङ्गलादेशका प्रधानमन्त्री शेख हसिना । तस्वीरः सिन्ह्वा

प्रधानमन्त्री हसिनाले बङ्गलादेशले सन् २०४१ सम्म बङ्गलादेशलाई एक विकसित बङ्गलादेश बनाउने बताइन् ।

सोमवार यससम्बन्धी कार्ययोजना सार्वजनिक गर्दै प्रधानमन्त्री हसिनाले भनिन्–हामीले सन् २०४१ सम्म बङ्गलादेशलाई विकसित बनाउने छौं र बङ्गलादेश स्मार्ट बङ्गलादेश हुनेछ, बङ्गलादेशको एक समाचार समिति, युएनबीलाई उद्धृत गर्दै चिनियाँ समाचार समितिले जनाएको छ ।

बङ्गलादेशको राजधानी ढाकामा सोमवार आयोजना गरिएको ‘डिजिटल बङ्गलादेश दिवस २०२२’ समारोहलाई सम्बोधन गर्ने क्रममा उनले सो कुरा बताएकी हुन् ।

त्यस अवसरमा उनले स्मार्ट बङ्गलादेश निर्माणका लागि स्मार्ट नागरिक, स्मार्ट अर्थतन्त्र, स्मार्ट सरकार र स्मार्ट समाज पनि आवश्यक रहेकोमा जोड दिंदै यी कार्य शुरू गर्ने बताइन् ।

उनले हरेक नागरिकले कुनै न कुनै सीप सिक्नुपर्ने र दक्ष बन्नुपर्ने भन्दै यहाँका हरेक नागरिकलाई प्रविधि प्रयोग गर्न जोड दिइन् । उनले सूचनामा आधारित समाज निर्माणमा जोड दिंदै यहाँका अर्थतन्त्र पनि सूचना प्रविधिमा आधारित रहेर विकास गरिने बताइन् । रासस

## तीन आक्रमणकारी मारिए, सबै विदेशी पाहुनाको उद्धार

काबुल, २७ मङ्सिर/सिन्ह्वा

अफगानिस्तानको राजधानी काबुलमा


तस्वीरः सिन्ह्वा

अवस्थित एक चर्चित होटलमा आक्रमण गर्ने तीन आक्रमणाकारीको प्रहरी कारबाहीमा ज्यान गएको बताइएको छ। तालिबान सुरक्षा अधिकारीले दिएको जानकारी अनुसार सो होटलमा सोमवार अज्ञात बन्दूकधारीले आक्रमण गरेका थिए । कैयौं घण्टाको उद्धार कार्यपछि त्यहाँबाट विदेशी पाहुनालाई सकुशल उद्धार गरिएको छ ।

त्यस होटलमा सोमवार अज्ञात बन्दूकधारीले हमला गरेका थिए र त्यसपछि त्यहाँ प्रहरी पुगेर उद्धारको काम शुरू गरेको थियो । काबुलको लोङ्गान होटेलमा सोमवार अपराह्न आक्रमण भएपछि तालिबान सुरक्षा बल घटनास्थल पुगेर होटल सिल गरी उद्धार काम थालेको थियो ।

प्रहरीले सोमवार राति दिएको जानकारीमा सो होटल आक्रमणको निशानामा परेको थाहा भएपछि तालिबानी सुरक्षाकर्मी त्यहाँ पुगेर विदेशी तथा स्वदेशी पाहुनाको उद्धार काम थालेका थिए । त्यस क्रममा आक्रमणमा संलग्न तीनजना अक्रमणकारी मारिएका र अरू केही घाइते भएका छन् । तर होटलमा रहेका पाहुनाको भने सकुशल उद्धार गरिएको बताइएको छ ।

यहाँको तालिबान सरकार गत वर्षको अगस्तमा सत्तामा आएयता सुरक्षामा सुधार भएको दाबी गरिएको थियो । तर अहिले पछिल्लो समयमा कैयौं स्थानमा बम विस्फोट र आक्रमण भएको इस्लामिक स्टेट समूहको स्थानीय च्याप्टरले दाबी गरेको छ ।

सो होटलमा प्रायः चिनियाँ पाहुना रहेको अनुमान गरिएको छ । अफगानिस्तानस्थित चिनियाँ दूतावासले सोमवार एक विज्ञप्ति प्रकाशन गरेर सो हमालाबारे अनुसन्धान हुनुपर्ने जनाएको छ। रासस

## चीन र गणतन्त्र कोरियाका विदेशमन्त्री वार्ता

बेइजिङ, २७ मङ्सिर/सिन्ह्वा

चिनियाँ र गणतन्त्र कोरियाका विदेशमन्त्रीबीच भिडियो लिंकमार्फत वार्ता भएको छ। उनीहरूबीच सोमवार वार्ता भएको हो । चिनियाँ विदेशमन्त्री वाङ् यी र गणतन्त्र कोरियाका विदेशमन्त्री पार्क जिनबीच सोमवार इन्डोनेशियाको बालीमा यस्तो वार्ता भएको हो ।



सो वार्ताका क्रममा उनीहरूबीच द्विपक्षीय हितका विविध विषयमा कुराकानी भएको बताइएको छ । त्यस वार्ताका क्रममा चिनियाँ विदेशमन्त्री वाङ्ले चीन गणतन्त्र कोरियासँग सम्बन्ध विस्तारका लागि इच्छुक रहेको र आगामी दिनमा दुई देशबीच रहेको सम्बन्ध थप सुमधुर बनाउँदै लैजान तयार रहेको बताएका थिए ।

हाल दुई देशबीच सम्बन्ध राम्रो रहेको भन्दै चिनियाँ विदेशमन्त्री वाङले आर्थिक र व्यापारिक क्षेत्रमा साझा हित र फाइदाका लागि चीनले गणतन्त्र कोरियासँग अघि बढ्न चाहेको बताएका थिए ।

उता गणतन्त्र कोरियाका विदेशमन्त्री पार्कले पनि चीनसँग लगानी प्रवर्द्धनका साथै कूटनीतिक क्षेत्रका साझा हितका विषयमा आफ्नो देश मिलेर अघि बढ्न चाहेको बताएका थिए । रासस


### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसोः ३:४० बजे


### आजको राशिफल

| | |
|---|---|
| मेष – कार्यनाश | वृष – उदरपीडा |
| मिथुन – विजय | कर्कट – धनखति |
| सिंह – भाग्योदय | कन्या – बेचैनी |
| तुला – मनोरञ्जन | वृश्चिक – कर्मप्राप्ति |
| धनु – राज्यभय | मकर – वादविवाद |
| कुम्भ – यात्रालाभ | मीन – कडाश्रम |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


घरबाट निस्केको फोहोर डस्टबिनमा फालौं, सभ्यताको परिचय दिऔं ।

वीरगंज महानगरपालिका कार्यालय


## ‘चलचित्र होइन, प्रोजेक्ट बनिरहेका छन्’ –निर्देशक झा

काठमाडौं, २७ मङ्सिर/रासस

ज्वलन्त सामाजिक विषयमाथि सशक्त चलचित्र तयार गर्ने निर्देशकको रूपमा भारतीय निर्देशक प्रकाश झा परिचित छन्। निर्मातासँगै केही समययता अभिनेताको रूपमा समेत प्रस्तुत भएका झाले वृत्तचित्रको सन् १९७५ मा सुरुआत गरेका थिए। भारतको बिहारमा हुर्किएका झा भारतीय चलचित्र उद्योगमा आफ्नो प्रभाव छाड्न सफल भएका छन् ।

नेपालसित सीमा जोडिएको क्षेत्रमा हुर्किएका झा दोस्रोपटक नेपाल आएका हुन् । नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सवको तेस्रो संस्करणमा सहभागी हुन उनी पहिलोपटक काठमाडौं आएका थिए भने दोस्रोपटक काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय फिल्म फेस्टिभल (किम्फ)मा सहभागी भएर केही दिनअघि भारत फर्किएका थिए ।


गङ्गाजल, राजनीति, आरक्षण, चक्रब्युह, सत्याग्रह जस्ता चलचित्र निर्देशन गरिसकेका झाले दर्शकले बुझ्ने भाषामा चलचित्र बनाउनुपर्ने बताए। “व्यावसायिक जोखिम कम गर्दै कलात्मक चलचित्र बनाउने कोशिश गर्नुपर्छ। चलचित्र भनेको व्यवसाय हो, त्यसैले हलसम्म आउने दर्शक तपाईंको कामबाट सन्तुष्ट हुनुपर्छ । कलात्मक अभिव्यक्तिका लागि चलचित्र बनाउने गरेका छौं भन्ने सोच छ भने त्यो भ्रम हो,” निर्देशक झाले भने, “मैले दर्शकका लागि गङ्गाजल र राजनीतिजस्तो चलचित्र बनाएको छु ।”

निर्देशक झा सुरुआती समयमैं दामुल, परिणाति, मृत्युदण्डजस्ता चलचित्रले प्रशंसा बटुल्न सफल भए । तर अर्को काम गर्न आर्थिक लाभ दिन नसकेको उनीसित सम्झना छ । ती चलचित्रले उनको कामलाई चिनाउन सके पनि आम दर्शकलाई बुझ्न गाऱ्हो भयो। त्यही समस्या अहिले पनि भारतीय चलचित्र उद्योगमा उनले देख्छन्। कथावस्तुमा मेहनत नगरिनु यसको मुख्य कारण झा ठान्छन् ।

“कथावस्तु छाडेर प्रोजेक्ट बनाइरहनु गलती हो,” उनले भने, “पहिला कर्पोरेट हाउसले लगानी गर्दा कथावस्तुसँगै कलाकारको चयन निर्देशकले गर्थे। अहिले हाउसले नै स्टारको समय अनुसार चलचित्रको योजना बनाइरहेका छन् । कथामा नभई स्टारमा लगानी भइरहेको छ । त्यसैले अहिले प्रोजेक्ट बनिरहेको छ,” निर्देशक झाले भने ।

आश्रम नामक वेब सिरिजमार्फत ओटिटीमा प्रवेश गरेका निर्देशक झाले चलचित्र मन्दिरकै लागि धर्म क्षेत्र र जनादेश चलचित्रमा काम गरिरहेको जानकारी दिए । “मेरो चलचित्रले कथा भन्छ। त्यसले कुनै बहस अगाडि ल्याओस् भनेर म बनाउदिनँ तर आफूलाई लागेको कथा भन्छु। मेरो शैली भने फरक छ,” निर्देशक झाले भने, “कुनै चलचित्रमा प्रेमी र प्रेमिकाको बिछोडको कारण धनी र गरीबबीचको खाडल हुन सक्छ तर मैले त्यहाँ वैचारिक द्वन्द्व र सामाजिक सभ्यतालाई देख्छु । मैले सोच्ने र बुझ्ने कथा अन्यभन्दा फरक हुन सक्छ ।”

भारतको लोकसभा निर्वाचनमा समेत सहभागिता जनाइसकेका निर्देशक झाले व्यवस्थाविरुद्धको आक्रोश चलचित्रमार्फत नै ल्याएको स्वीकारे । “मैले नेता बनेर भन्न चाहेका तथ्यलाई चलचित्रमार्फत भनेको हुन सक्छु। किनकि चलचित्रकर्मी सरकारको विपक्षीको भूमिकामा रहनुपर्छ भन्ने मेरो बुझाइ छ,” उनले भने । नेपाली चलचित्र र चलचित्रकर्मीसँग नजीक रहेका निर्देशक झाले आफ्नो आँखाले धेरै नेपाली कथा देखिरहेको बताए । यद्यपि उनी नेपाली चलचित्र निर्देशन गर्ने कुनै योजनामा भने तत्काल छैनन् । नेपाली चलचित्र निर्देशकसँग



सहकार्य गर्न सक्ने विषय भने उनी नकार्दैनन् ।

“मैले यहाँको कथा भन्न सक्दिनँ । किनकि मैले अहिलेसम्म आफ्नो ठाउँबाहेक अन्यन्त्रको कथा भनेको छैन तर नेपाली चलचित्रकर्मीसँग नजीक भएर काम गर्न सक्छु । मेरो चलचित्रप्रतिको बुझाइलाई उहाँहरूले प्रयोग गर्न सक्नुहुन्छ,” निर्देशक झाले भने, “हाम्रैझैं कथा र पटकथाको समस्या यहाँ पनि छ जस्तो लाग्छ। प्राविधिकझैं कथावस्तुमा पनि मेहनत आवश्यक छ ।” उनको टोलीले केही नेपाली विषयवस्तुमा सहकार्य गर्नेगरी काम गरिरहेको जानकारी दिए ।

नेपाली चलचित्रलाई विश्वभर लैजाने सन्दर्भलाई उनी विषयवस्तुसित जोड्छन्। “विश्वव्यापी विषयवस्तु नल्याउँदासम्म दर्शक पाउन सक्दैनौं । स्टारको सट्टा विषयवस्तुमा मेहनत गर्नुस्,” निर्देशक झाले भने ।

## ठूलो परिमाणमा मदिरासहित दुईजना पक्राउ

प्रस, महोत्तरी, २७ मङ्सिर/

महोत्तरीको मटिहानी नगरपालिका–७ स्थित परिक्रमा गाछीबाट ठूलो परिमाणमा मदिरासहित दुईजनालाई नियन्त्रणमा लिएको छ। करीब नौ लाख ६४ हजार रुपैयाँ बराबरको मदिरासहित सोमवार अपराह्न दुईजना पक्राउ परेको जिप्रका, महोत्तरीले जनाएको हो ।

४० कार्टुन सोफी र दुई कार्टुन मडुवा मदिरा बोकेको गाडीसहित दुईजनालाई नियन्त्रणमा लिइएको सशस्त्र प्रहरीले जनाएको छ ।

सशस्त्र प्रहरीका अनुसार भारतमा घर बताउने ३६ वर्षीय राजा साह र २२ वर्षीय अजित कुमारलाई पक्राउ गरिएको छ ।

बीआर०६पीबी ९७११ नम्बरको बोलेरामा राखेर नेपालबाट भारततर्फ निकासी गर्न लागिएको मदिरा र गाडीसहित दुईजना पक्राउ परेका छन् । पक्राउ परेकाहरूलाई बरामद मदिरा र गाडीसहित आवश्यक कारबाहीका लागि मङ्गलबार भन्सार कार्यालय, जलेश्वरमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

### काभ्रेको बेथानचोकमा बस....

अधिकारीले जानकारी दिए ।

दुर्घटनामा घाइतेहरूमध्ये आठजनाको बनेपास्थित शिर मेमोरियल अस्पताल र अन्य पाँचजनाको धुलिखेल अस्पतालमा उपचार भइरहेको जनाइएको छ । घाइतेमध्ये अधिकांशको अवस्था गम्भीर रहेको प्रनाउ न्यौपानेले बताए ।

दुर्घटनास्थलमा नेपाल प्रहरी र नेपाली सेनाको टोलीले डोजर प्रयोग गरी उद्धार कार्य गरिरहेको प्रहरीले जनाएको छ । बसमा सवार कति थिए भन्ने यकीन तथा मृतकको पहिचान हुन नसकेको प्रनाउ न्यौपानेले बताए ।

### एलपी ग्याँसको आयात....

बढेर हाल तीन प्रतिशत पुगेको केन्द्रका नायब कार्यकारी निर्देशक ढकालले जानकारी दिए ।

ग्याँसभन्दा विद्युतीय चुलोको प्रयोग निकै सस्तो हुने विज्ञको तर्क छ । कार्यक्रममा जनताका लागि ऊर्जा तथा वातावरण विकास संस्था (पीडा)का प्रमुख कार्यकारी अधिकृत विराज गौतमले परम्परागत ऊर्जालाई विस्थापित गर्न आम सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण हुने बताए । विद्युत् आपूर्ति सुनिश्चित भए धेरै उपभोक्ताले आधुनिक भान्सातर्फ चासो राख्ने उनको धारणा थियो ।

आधुनिक चुलोको प्रयोगले समयको बचत र मानव स्वास्थ्य सुधार हुने ऊर्जा अभ्यासकर्ता मञ्जरी श्रेष्ठको अनुभव छ। घर, भान्सा र भाडाबर्तन फोहोर न्यून हुने भएकाले विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गर्न सरोकारवालाबीच समन्वय आवश्यक रहेको श्रेष्ठले बताइन्। खाना पकाउने र भान्साको काम महिलाको मात्रै हो भन्ने बुझाइलाई परिवर्तन गर्न सके विद्युतीय चुलोका प्रयोगकर्ता बढाउन सकिने उनको ठहर छ ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै ऊर्जा पत्रकार भीम गौतमले विद्युतीय पूर्वाधार विस्तारमा जोड दिए । उनले ऊर्जा मन्त्रालयले सन् २०२८ भित्र शतप्रतिशत घरधुरीमा विद्युतीय चुलो उपयोग गर्न लक्ष्य लिएकाले त्यसका लागि विद्युतीय पूर्वाधारमा जोड दिनुपर्ने बताए ।

प्रकृति सिसोर्सेस सेन्टरका कार्यक्रम निर्देशक प्रवीणमान सिंहले दिगो विकास लक्ष्य र नेपालले लिएको शून्य कार्बन उत्सर्जन लक्ष्यमा पुग्न विद्युतीय चुलोजस्ता साधनको प्रयोग बढाउन सरकारले प्रोत्साहन कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए ।

नेवापसका अध्यक्ष रोशनी अधिकारीले स्वच्छ खाना पकाउने ऊर्जा प्रवर्द्धनका लागि बिजुलीको गुणस्तरीयता र पूर्वाधार विस्तारमा ध्यान दिनुपर्ने बताइन् । सरकारले सन् २०४५ भित्र कार्बन उत्सर्जन शून्यमा पुऱ्याउने, सन् २०२५ भित्र पाँच लाख र सन् २०३० सम्ममा २५ प्रतिशत घरधुरीले विद्युतीय खाना पकाउन अपनाउनेलगायत लक्ष्य लिएको छ ।


### नेपाल विद्युत् प्राधिकरण पोखरिया वितरण केन्द्र, पर्साको सूचना

वीरगंज–पोखरिया ३३ के.भि. लाइन अपग्रेडेशन गर्ने कार्यको लागि ने.वि.प्रा., वीरगंज ६६।३३।११ के.भि. सबस्टेशनबाट पोखरियाको लागि आउने वीरगंज–पोखरिया ३३ के. भि. लाइन र पोखरिया ३३।११ के. भि. तथा सेढवा सबस्टेशनबाट सञ्चालित सम्पूर्ण ११ के.भि. लाइनहरू मिति २०७९।०८।२८ गते देखि २०७९।०९।१८ गतेसम्म करीब २० (बीस) दिन बिहानको ८:०० बजेदेखि दिउँसोको १३:०० बजेसम्म उक्त निर्धारित समयमा पूर्ण रूपमा लाइन सटडाउन रहने तथा उक्त कार्य गर्न कुनै–कुनै स्थानमा सोही रूटमा वीरगंज सबस्टेशनबाट सञ्चालित ११ के.भि. विन्दवासिनी फिडर, ११ के.भि. ५ नं. फिडर र ११ के.भि. ६ नं. फिडर रहेकोले उक्त ३ वटा फिडरहरू आवश्यकता अनुसार सटडाउन रहने सूचित गरिन्छ । साथै निर्धारित समय अवधि अगावै कार्य सम्पन्न भएमा लाइन पहिलै सुचारू हुने बेहोरा अनुरोध छ । यसबाट ग्राहकवर्गमा पर्न जाने असुविधाप्रति ने.वि.प्रा. पोखरिया वितरण केन्द्र क्षमा प्रार्थी छ ।

- नेपाल विद्युत् प्राधिकरण वितरण तथा ग्राहक सेवा निर्देशनालय
ग्रीड सोलार तथा इनर्जी इफिसिएन्सी आयोजना
पोखरिया वितरण केन्द्र



### डेङ्गुबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरू आउनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु
- यस्ता लक्षणहरू देखापरेमा डेङ्गु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

छिपहरमाई गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, भिस्वा, पर्सा

# महानगरपालिकाको टोलीद्वारा बजार अनुगमन



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २७ मङ्सिर/
वीरगंज महानगरपालिकाको टोलीले बजार अनुगमन गरेको छ। महानगरको व्यवस्थापन तथा अनुगमन समितिका संयोजक उपप्रमुख इम्तियाज आलमको संयोजकत्वमा सरोकारवाला कार्यालयका प्रतिनिधिहरूको रोहबरमा महानगरका पसलहरूको अनुगमन गरिएको उपप्रमुखका स्वकीय सचिव सद्दाब मल्लिकले बताए।

अनुगमनको क्रममा एउटा पसलबाट २८ ग्राम तौलको अदीति ब्रान्डको म्याद सकिएको ५७६ थान बदाम फेला परेको र सो बदामलाई सबैको रोहबरमा नष्ट गरिएको उनले बताए। अनुगमनमा महानगरका खाद्य अनुसन्धान अधिकृत विपिनकुमारलाल दास, महानगरका प्रतिनिधि कन्हैया ठाकुर, जिल्ला प्रशासनका ब्रह्मदेवप्रसाद यादव, गुणस्तर तथा नापतौल कार्यालयका सुशान्त चौधरी, वीरगंज उद्योग वाणिज्य सङ्घका मनोज दास, जिल्ला प्रहरी कार्यालयका प्रसनि मीन रमौली, महानगरकी कर्मचारी नेहा मिश्रलगायतको सहभागिता थियो।

# सामुदायिक विद्यालयको अनुगमन जारी

प्रस, वीरगंज, २७ मङ्सिर/
वीरगंज महानगर अन्तर्गतका सामुदायिक विद्यालयहरूको शैक्षिक अवस्था सुधारका लागि नगरप्रमुख राजेशमान सिंहले अनुगमनलाई निरन्तरता दिएका छन्।

मङ्गलवार नगरप्रमुख सिंहले त्रिजुद्ध महावीरप्रसाद रघुवीरराम माध्यमिक विद्यालयको अनुगमन गर्दै विद्यार्थीहरूसँग साक्षात्कार गरे।

महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेल र महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्णले सो क्रममा सोधपूछ गरेका थिए। विद्यार्थीहरूले अङ्ग्रेजी माध्यम र नेपाली माध्यममा पढ्ने विद्यार्थीबीच विभेद हुने गरेको बताए। विद्यालयमा अतिरिक्त क्रियाकलाप नहुने र भएपनि नेपाली माध्यममा अध्ययनरत विद्यार्थीहरूलाई सहभागी नगराउने गरेको विद्यार्थीहरूको भनाइ छ। छात्राहरूलाई शौचालय र चापाकलको अभाव रहेको विद्यार्थीहरूले गुनासो गरेका थिए।

यसैगरी, त्रिजुद्ध माविको अनुगमनको क्रममा विद्यार्थीहरूको उपस्थिति निकै कम देखियो। प्रधानाध्यापक हरेन्द्रप्रसाद कुर्मीले उपलब्ध स्रोत साधनको उचित सदुपयोग गर्दै विद्यालयको शैक्षिक गुणस्तर कायम राख्ने प्रयास गरिरहेको बताए।

यसैगरी, टोलीले कन्या माविको



तस्वीरः सौजन्य

अनुगमन गर्ने क्रममा छात्राहरूले तीन वर्षदेखि छात्रवृत्तिको रकम नपाएको गुनासो गरेका थिए। कन्या माविमा मासिक शुल्कको नाममा १२५ रुपियाँ र परीक्षा शुल्क २२५ रुपियाँ तिर्ने गरिएको विद्यार्थीहरूले बताए। सो क्रममा नगरप्रमुख सिंहले यस प्रकारको शुल्क नलिन निर्देशन दिए। कन्या माविकी प्रधानाध्यापिका अनीता साहले विद्यालयको अवस्थाबारे जानकारी गराएकी थिइन्।

यसैगरी, नगरप्रमुख सिंहलगायतले वीरगंज महानगरपालिका वडा नं २४ बहुअरीस्थित शारदा माविको अनुगमन गर्दै विद्यार्थीहरूको समस्या सुनेका थिए। विद्यार्थीहरूले विद्यालयमा कम्प्युटर शुल्क, परीक्षा शुल्क र मासिक शुल्क, चरित्र प्रमाणपत्र सच्याउन पनि पैंसा तिर्नुपरेको गुनासो गरे। त्यसैगरी, अर्का छात्रले विद्यालयमा कोठामा झ्याल नरहेको, बत्ती छैन, शौचालय व्यवस्थित नभएको गुनासो गरेकी थिइन्। शैक्षिक प्रशासन महाशाखा प्रमुख कर्णले समस्याको समाधान गर्न विद्यालयका प्रधानाध्यापक दयाकान्त झालाई निर्देशन दिएको बताए।






# खेलकूदको संसार

## यू-२३ राष्ट्रिय भलिबलः गण्डकीका दुई खेलाडी छनोट

बागलुङ, २७ मङ्सिर/रासस
बङ्गलादेशको राजधानी ढाकामा हुने 'बङ्गबन्धु एशियन यू-२३ सेन्ट्रल एशियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता'का लागि यू-२३ राष्ट्रिय टिममा गण्डकी प्रदेशबाट दुई खेलाडी छनोटमा परेका छन्।

नेपाली भलिबल सङ्घले घोषणा गरेको १४ सदस्यीय यू-२३ टिममा गण्डकीबाट बागलुङका रवि केसी र स्याङ्जाका भीमराज गुरुङ छनोट भएका हुन्। बाइस वर्षीय केसी ओपन स्पाइकर र गुरुङ लिबेरो हुन्।

आउँदो पुस ५ देखि ११ गतेसम्म सञ्चालन हुने उक्त प्रतियोगितामा टिमले नेपालका तर्फबाट भाग लिनेछ। देशभरबाट खुला छनोटमा परेका २० खेलाडीमध्ये, एक महीने बन्द प्रशिक्षणमा उत्कृष्ट प्रदर्शनका आधारमा १४ जना खेलाडीको अन्तिम छनोट गरिएको सङ्घले जनाएको छ। भलिबल खेलको इतिहासमा पहिलोपटक यू-२३ राष्ट्रिय टिम तयार पारी अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालले सहभागिता जनाउन लागेको हो। केसी र गुरुङसँगै धिरोजकुमार बस्नेत, सन्तोष खत्री, अर्जुन नेपाली, रूपबहादुर गराउ, विष्णु बस्नेत, सफल विक, सन्तोष महत्ता, मनीष मानन्धर, हेमन्त मल्ल, वेदप्रकाश जोशी, सम्राट भण्डारी र गौरव पाण्डे टिममा छन्। गलकोट नगरपालिका-७ मल्मका केसी भलिबलमा उदाउँदो प्रतिभा हुन्। यू-२३ राष्ट्रिय टिममा परेसँगै उनको खेल करिअर नयाँ मोडमा आइपुगेको छ। देशका लागि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने सपना साकार हुन लागेको केसीले सुनाए। "टिममा पक्कै पर्छु भन्ने लागेको थियो, मेहेनत पनि त्यसै अनुसार गरेको थिएँ, छनोटमा पर्दा खुशी छु"-उनले भने। केसी छोटो अवधिमैं भलिबलमा चम्किएका खेलाडी हुन्। दुई वर्ष अघि काठमाडौंमा भएको 'एनभिए कप'बाट उनले राष्ट्रियस्तरको प्रतियोगितामा डेब्यु गरेका थिए।

गलकोट स्पोर्ट्स क्लबबाट रविले उक्त प्रतियोगितामा उत्कृष्ट खेल्दै धेरैको मन जितेका थिए। त्यस यता उनी 'टाइगर कप' हुँदै हालै सम्पन्न नवौं राष्ट्रिय खेलकूदमा गण्डकी प्रदेशबाट खेलेका थिए। जिल्ला भलिबल सङ्घ बागलुङका अध्यक्ष योगश भण्डारीले खेल कौशल र अनुशासनमा केसी अब्बल रहेको बताए। उनले केसीलाई भलिबलमा भविष्य बोकेको खेलाडीका रूपमा लिए।

बङ्गलादेश भलिबल फेडेरेशनको आयोजना तथा सेन्ट्रल एशियन भलिबल एशोसिएशनको संयोजनमा उक्त अन्तर्राष्ट्रिय प्रतियोगिता हुन लागेको हो।

# नागरिक आयुर्वेद स्वास्थ्य केन्द्रको अनुगमन

नरेश यादव, पर्सागढी २७ मङ्सिर/
सामाजिक विकास मन्त्रालय अन्तर्गतको जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रले नागरिक आयुर्वेद स्वास्थ्य केन्द्र पर्सागढीमा आज अनुगमन गरेको छ।

पर्सागढी नगरपालिका-३ बडनिहारस्थित आयुर्वेद स्वास्थ्य केन्द्र, नागरिक आयुर्वेद स्वास्थ्य केन्द्रमा जिल्ला समन्वय समिति, पर्सा तथा नागरिक आरोग्य समितिका प्रमुख निरञ्जनप्रसाद सर्राफ, प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय वीरगंजका प्रमुख रमेश मिश्रले अनुगमन गरेका थिए।



तस्वीरः प्रतीक

अनुगमनको क्रममा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, पर्सागढीका प्रमुख कार्यालयमा अनुपस्थित रहने गरेको र सहयोगीको भरमा कार्यालय सञ्चालन भइरहेको पाइएको थियो।

कार्यालय प्रमुख स्वास्थ्यकर्मी वैद्य कर्णले छ महीनादेखि औषधिको माग नगरेको र कार्यालय सहायकको भरमा चलाउँदै आएको पाइएपछि उनलाई चेतावनी दिइएको छ।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयका प्रमुख वीरगंजका मिश्रले अब आइन्दा यस प्रकारको त्रुटिपूर्ण कार्य नगर्न चेतावनी दिएका थिए। उनले कार्यालय सञ्चालन नियमितरूपमा गर्न र औषधि अभाव भए माग गरेर जनसेवामा लाग्न सुझाव पनि दिए।

# तीन परियोजनाका लागि समझदारीपत्रमा हस्ताक्षर



तस्वीरः सौजन्य

प्रस, वीरगंज, २७ मङ्सिर/
भारत सरकारको अनुदान सहयोगमा शिक्षा, स्वास्थ्य र खानेपानी क्षेत्रसँग सम्बन्धित तीनवटा सामुदायिक विकास परियोजना अगाडि बढाउन भारतीय राजदूतावास र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ।

उदयपुर जिल्लामा जनता बेलका माविको विद्यालय भवन निर्माण, सोलुखुम्बु जिल्लामा न्गोङ्गा थेन्चोक छोलिङ ध्यान केन्द्रको निर्माण र धादिङ जिल्लामा निस्ने खोला पिकासुन दाङचेत झार्लाङ खानेपानी परियोजना निर्माणका लागि अनुमानित १० करोड १७ लाख लागतमा कार्यान्वयनमा ल्याउने गरी समझदारीपत्रमा हस्ताक्षर भएको भारतीय राजदूतावासले जनाएको छ।

भारतीय राजदूतावासले सन् २००३ यता भारतले नेपालमा ५३२ भन्दा बढी उच्च प्रभाव सामुदायिक परियोजनाहरू अगाडि बढाएको र स्वास्थ्य, शिक्षा खानेपानी, कनेक्टिभिटी, सरसफाइ र अन्य सार्वजनिक सुविधाका क्षेत्रमा नेपालका सातवटै प्रदेशमा ४७६ वटा परियोजना सम्पन्न भइसकेको जनाएको छ।

सोमवार भएको तीन परियोजनाको समझदारीपत्रमा भएको हस्ताक्षरले स्थानीय समुदायको लागि राम्रो शिक्षा, स्वास्थ्य सुविधा र सुरक्षित खानेपानी उपलब्ध गराउनुको साथै नेपाली जनताको जीवनस्तरमा सुधार ल्याउने भारतीय राजदूतावासले विश्वास लिएको छ।


## उत्पादन बढाऔं र मितव्ययी बनौं

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रूपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरूत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# चीसोको कारण बिरामी घट्यो

प्रस, पोखरिया, २७ मङ्सिर/
जाडो बढेसँगै पर्साका स्वास्थ्य संस्थाहरूमा बिरामीहरूको सङ्ख्या आउने गरेको उनले बताए। जाडो मौसममा बिरामी सङ्ख्या अझै घट्ने उनले बताए।




तस्वीरः फाइल

घटिरहेको छ। ग्रामीण भेगका स्वास्थ्य संस्थाहरूमा नियमितरूपमा आउने बिरामीहरूको सङ्ख्या घटेको छ।

दैनिक ८० देखि १०० जनासम्म आउने बिरामीहरू अहिले घटेर ५०-६० जना मात्र आउने गरेको पोखरिया अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट सञ्जय गुप्ताले बताए। कात्तिकसम्म ज्वरो, टाइफाइड, रुघाखोकीका बिरामी आउने गरे पनि हाल दम र रुघाखोकीका बिरामीहरू

जाडोमा खासगरी वृद्ध, महिला तथा बालबालिकाहरू चीसोका कारण बिरामी हुने गरेको आधारभूत स्वास्थ्य सेवा केन्द्रका इन्चार्ज फजिल अहमदले बताए। चीसोका कारण वृद्धहरूमा दम, खोकी लाग्ने र बालबालिकाहरूलाई रुघाखोकी तथा निमोनियाको प्रकोप बढ्ने गरेको उनले बताए। उनले चीसोबाट जोगिन तातो पानी पिउन र न्यानो कपडा लगाउनुपर्ने सुझाव दिए।